# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको सामाजिक बनौट पितृसत्तात्मक भएको कारणले गर्दा समाजमा पुरुषहरू सापेक्षिकरूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र साधन स्रोतले सम्पन्न भएको पाईन्छ । साथै घर परिवारको प्रमुख निर्णयहरू पनि प्रायः पुरुषहरूले नै गर्ने गर्दछन् । पुरुषप्रधान समाजकै कारण महिला र पुरुषको जैविक भिन्नतालाई आधार बनाएर महिला र पुरुषलाई असमानतामा आधारित सामाजिक परिचय दिने गरेको र महिलाहरूको परिचय पुरुषको सम्बन्धसँग गाँसेर व्याख्या गर्ने गरिएको  पाईन्छ । पुरुषलाई बाहिरी संसारसँग सम्बन्ध स्थापित गरी कमाउने, परिवार पाल्ने र उनीहरूको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गर्ने र महिलाहरूलाई वच्चा जन्माउने, स्याहार सुसार गर्ने घरको कामको जिम्मेवारी लिने आदिजस्ता घरभित्रको मात्र जिम्मेवारी दिने गरिन्छ । घर परिवार, समुदाय र राज्य संरचना तथा संचालनमा लैङ्गिक विभेद विद्यमान रहेकोले पुरुषको दाँजोमा महिलाहरूको सामाजिक विकासको स्थिति कमजोर रहेको र शिक्षा, स्वास्थ्य र सूचनाजस्ता क्षेत्रमा महिलाको पहूँच पुरुषको दाँजोमा कम रहेको देखिन्छ (आचार्य, २०६१) ।

नेपाल क्षेत्रफलको आधारमा सानो भए पनि विश्वमानचित्रमा भौगोलिक तथा सामाजिक र सांस्कृतिक दृष्टिले विविधतायुक्त छ । यसका साथै यहाँ उत्तरको चीन र दक्षिणतर्फको छिमेकी मुलुक भारतको सामाजिक र सांस्कृतिक प्रभाव पनि परेको छ । राष्ट्रिय जनगणना २०६८ को तत्थ्याङ्क अनुसार नेपालमा १२३ भन्दा बढी भाषा, १२६ जाति र ५९ आदिवासी जनजातिहरू अस्तित्वमा रहेको पाईन्छ । नेपालमा भौगोलिक दृष्टिले ज्यादै होचो भूभाग देखि सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको छ । त्यस्तै नेपाली समाजको फैलावट पनि तराई देखि हिमाल सम्म रहेको छ । भौगोलिक आधारमा, जातीय आधारमा र भाषिक आधारमा समाजको वनावट, रहनसहन, लवाइ खवाइ, संस्कार, चाडपर्व, जीवन शैली आदि विविधतायुक्त छन् र सोहीअनुरूप संस्कृतिको पनि विकास भएको छ (के.त.वि., २०६८) ।

विश्लेषणात्मक प्रयोजनको लागि विस्तृतरूपमा नेपाली समाजलाई Tibeto- Burman  र Indo-Aryan  गरी दुई भागमा विभाजन गर्ने गरिन्छ । Tibeto- Burman समुदाय विशेष गरी

मध्यपहाडी र हिमाली क्षेत्रमा बसोबास गर्दछन् भने Indo-Aryan समुदाय खासगरी तराई र मध्यपहाडी क्षेत्रमा बसोबास गर्दछन् । Tibeto- Burman समुदायका महिलाहरू Indo-Aryan समुदायका महिलाभन्दा सामाजिक रूपमा उनीहरूको गतिशिलता, विवाह र पूर्नविवाहको छनौट तथा आयआर्जनका अवसरमा कम नियन्त्रित भएको पाईन्छ । Indo-Aryan समुदायका महिलाहरूलाई परम्परागतरूपमा नगण्य मात्रामा मात्र सामाजिक र आर्थिक रोजाई हुने गरेको छ । महिला विरुद्धका सामाजिक विभेद खासगरी तराईका समुदायमा र मध्ये तथा सुदुरपश्चिम प्रदेशमा सामान्यतया बढी रहेको पाईन्छ (पौडेल, २०५८) ।

दुवै समुदायमा जमीन र सम्पत्तिमाथि उत्तराधिकार पुरुषमा सर्ने, बसोबासको अवस्था पुरुष केन्द्रित र छिटो विवाह हुनु अपवाद नभएर सामान्य नियम जस्तो छ । सांस्कृतिक रूपमा विवाहलाई महिलाले सम्पत्ति र भूमि माथि पहुँच प्राप्त गर्ने सामाजिक रूपले सर्वस्वीकार्य घटनाको रूपमा लिईन्छ । त्यसैले जव महिलाहरू सम्वन्ध विच्छेद तथा विधवा भएका कारण विवाह वन्धनबाट बाहिर पुग्छन् उनीहरू गरिबीको दुष्चक्रमा पर्ने गर्दछन् । महिलाहरू सम्पत्तिको पहूँचमा र शिक्षा, दक्षता विकास, प्रविधि र ज्ञानको मार्गमा पुरुषभन्दा धेरै पछि छन् । नेपाल विश्वको अतिकम विकसित मुलुक भएको र वहुसंख्यक जनसङ्ख्या कम उत्पादकत्व भएको कृषि क्षेत्रबाट गुजारा गर्नु पर्ने भएकोले पनि महिलाको अवस्था राम्रो हुन सकेको छैन (बराल, २०६७) ।

वि.सं. २०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार नेपालको कूल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये पुरुषको सङ्ख्या १,२८,४९,०४१ र महिलाको सङ्ख्या १,३६,४५,४६३ पुगेको छ । कूल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४८.५० प्रतिशत र महिलाको सङ्ख्या ५१.५५ प्रतिशत रहेको छ । जसको लैंगिक अनुपात ९४.४६ प्रतिशत रहेको छ । वि. सं. २०५८ सालको कूल जनसङ्ख्या २,३१,५१,४२३ मध्ये पुरुष र महिलाको जनसङ्ख्या क्रमश : १,१५,६३,९२१ र १,१५,८७,५०२ रहेकाले लैङ्गिक अनुपात ९९.८० थियो । वि.स. २०५८ देखि २०६८ सालसम्म नेपालमा कूल ३३,४३,०८१ जनसङ्ख्या थप भएको देखिन्छ (के.त.वि., २०६८) ।

नेपालको सामाजिक बनौट पितृसत्तात्मक भएको कारणले गर्दा समाजमा पुरुषहरू सापेक्षिकरूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र साधन स्रोतले सम्पन्न भएको पाईन्छ । पुरुषप्रधान समाजकै कारण महिला र पुरुषको जैविक भिन्नतालाई आधार

बनाएर महिला र पुरुषलाई असमानतामा आधारित सामाजिक परिचय दिने गरेको र महिलाहरूको परिचय पुरुषको सम्बन्धसँग गाँसेर व्याख्या गर्ने गरिएको  पाईन्छ । पुरुषलाई बाहिरी संसारसँग सम्बन्ध स्थापित गरी कमाउने, परिवार पाल्ने र उनीहरूको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गर्ने र महिलाहरूलाई वच्चा जन्माउने, स्याहार सुसार गर्ने घरको कामको जिम्मेवारी लिने आदिजस्ता घरभित्रको मात्र जिम्मेवारी दिने गरिन्छ । घर परिवार, समुदाय र राज्य संरचना तथा संचालनमा लैङ्गिक विभेद विद्यमान रहेकोले पुरुषको दाँजोमा महिलाहरूको सामाजिक विकासको स्थिति कमजोर रहेको र शिक्षा, स्वास्थ्य र सूचनाजस्ता क्षेत्रमा महिलाको पहूँच पुरुषको दाँजोमा कम रहेको देखिन्छ (भासिन, २००३) ।

पुरुषप्रधान समाज भएको कारणले नेपाली समाजमा आर्थिक स्रोत साधनमाथि महिलाको पहूँच र नियन्त्रण कम रहेको छ । घर परिवार भित्रका आर्थिक क्रियाकलापहरू महिलाहरूले गरेको पाईन्छ भने घर भन्दा बाहिर गएर गर्नुपर्ने कार्यहरू प्राय पुरुषहरूले गर्ने गर्दछन् । नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषिसम्बन्धी कृयाकलाप र पशुपालनमा महिलाहरूको अत्याधिक सहभागिता रहने गरेको छ । लैङ्गिक दृष्टिकोणबाट आर्थिक स्रोत साधनमा लामो समय देखि असमान वितरण हुदां महिलाहरू विकासको वृहत्तर प्रक्रियामा सहभागी हुन र योगदान पुऱ्याउन पुरुष सरह सक्षम छैनन् । शिक्षा र रोजगारीमा वृद्वि भएको कारण परिवर्तनको गति सोचे अनुरूप हुन सकेको छैन । आर्थिक र वित्तिय स्रोत साधन र अवसरको वितरण गर्ने तहको स्थानमा महिलाहरूको उपस्थिति नभएको कारणले पनि महिला असमानता कायम रहन भूमिका खेलिरहेको हुन्छ (भासिन, २००३) ।

लैङ्गिक समानता, महिला सशक्तिकरण, दिगो आर्थिक उन्नति र विकासका लागि आर्थिक र वित्तिय स्रोत साधनमा महिलाको पहुँच र नियन्त्रण महत्वपूर्ण हुन्छ । गरिवी निवारण तथा वालवालिकाको कल्याण लगाएतका विकासका बहुआयामिक पक्षहरूमा सकारात्मक प्रभाव पार्नका लागि आर्थिक र वित्तिय स्रोत साधनको वितरणमा लैङ्गिक समानता हुन आवश्यक छ । विकासको मूल लक्ष्य मानवीय कल्याण र उनीहरूको वातावरणीय अवस्थामा सुधार ल्याउनु हो । जबसम्म महिलाहरूलाई ग्रामीण तथा शहरी दवै क्षेत्रका सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक पक्षमा महत्वपूर्ण मानव स्रोतको रूपमा उनीहरूको रचनात्मक भूमिकालाई स्वीकार गरिदैन तबसम्म सरकारको विकासका लक्ष्यहरू साकार भएको मान्न सकिदैन । विकासमा दिगोपन आउनका लागि गरिवी उन्मुलन, रोजगारी सिर्जना र लैङ्गिक

समानतालाई गम्भीर रूपमा ध्यान दिनुपर्दछ । विकासमा महिलाको स्थान र भूमिकाको मान्यता रणनीतिक योजनाको केन्द्र विन्दु हुनुपर्दछ (भद्रा, २०६०) ।

कुनै पनि कार्यमा प्रत्यक्ष संलग्न हुनुलाई सहभागिता भनिन्छ । समाजमा हुने विभिन्न गतिविधिहरु जस्तै संघसंस्थाका भेला, वैठक, बाटोघाटो, धारा, पानी आदि निर्माणमा संलग्नता हुनुलाई समाजिक संलग्नता भनेर बुझिन्छ । त्यस्तै गरी विभिन्न सहकारी संस्था तथा लघुवित्त संस्थामा संलग्न रहनुलाई आर्थिक सभागिता भनिन्छ (अर्याल, २०५९) । पोखरा महानगरपालिका वडा नं १६, तुलसीघाट मार्गका महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा सहभागिताको अवस्था, उनीहरूको विभिन्न क्षेत्रमा आवद्धता, आवश्यकता, शैक्षिक अवस्था, सामाजिक भूमिका र सामाजिक, आर्थिक सहभागितामा प्रभाव पार्ने तत्वहरू आदिका वारेमा विश्लेषण गर्नका निम्ति यस अध्ययन अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

वर्तमान सन्दर्भमा नेपाल लोकतान्त्रिक युगमा प्रवेश गरेतापनि महिलाहरूलाई समावेशीकरणका माध्यमबाट राज्यको मूल प्रवाहमा समावेश गर्न नसकिएको अवस्था विद्यमान छ । विशेषगरी महिलाहरूले इतिहासको लामो कालखण्डदेखि राजनीतिक, सामाजिक एवं आर्थिक दृष्टिले बहिष्करणको अनुभूति गरिरहेका छन् । महिला र पुरुषलाई विकास प्रकृयमा समान रूपमा  समेट्न नसकिएको कारण महिलाहरू आफूलाई दोस्रो दर्जाको नागरिक महशुस गरिरहेका छन् । मुलुकको समग्र विकासको लागि कतिपय यस्ता अमिल्दा पक्षहरू व्यवधानको रूपमा देखिएका छन् । मानवीय समृद्धिको लागि दिगो विकास हालको आवश्यकता हो भने दिगो विकासका लागि लैङ्गिक सहभागिता अनिवार्य आवश्यकता हो । परनिर्भरको जीवनबाट छुटकारा पाई स्वाबलम्बन भई बाँच्न सामाजिक र आर्थिक क्रियाकलापमा महिलाको सक्रिय सहभागिता आवश्यक छ ।

जस्तै हामी नेपालमा बसोबास गर्ने अधिकांश नेपालीहरू हिन्दु धर्म र त्यसमा पनि वडा दशैं मान्दछौ । वडा दशैंमा नौ दिनसम्म दुर्गा भवानीको पूजा गरिन्छ, जुन दुर्गा स्वयम् महिला वा देवीका रूप हुन् । उनैको पुजामा महिलालाई वञ्चित गरेको पाइन्छ । आजको विश्वको विकसित देशहरूमा पनि अझै पनि हाम्रा महिला दिदीवहिनीहरू पुरुषको अधीनमा बस्न बाध्य भएका छन् । पुरुषले कमाएर दिएको निश्चित पैसाबाट घरखर्च चलाउन वाध्य छन् र एउटा महिलाले कमाउनकै लागि भनेर घर बाहिर जाने परम्पराको अझै पनि शत प्रतिशत

मान्यता नपाएको र गइहाले पनि घर परिवारवाट विभिन्न समस्याहरू भोग्नु परेको, महिलाहरूले सङ्घ संस्थामा लागेर घरदेखि बाहिर जानु नहुने मान्यताले (केहि वजारको परिवेशलाई छोडेर) जरा गाढी रहेको अवस्था हाम्रो गाँउ घर समाजमा अझैपनि विद्यमान छ । महिला सशक्तीकरणको लागि विभिन्न कार्यक्रमहरू सरकारी र गैर सरकारीस्तरवाटै ल्याइएपनि ती कार्यहरू त्यति प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ । तसर्थ महिलाहरूको आर्थिक, सामाजिक क्षेत्रमा पहुँच अझै पनि पुग्न सकेको छैन भन्ने कुराहरू नै अध्ययनको समस्याको कथन रहेको छ । वुँदागत रूपमा यस अध्ययनका मूलभूत प्रश्नहरू निम्न रहेका छन्:

- शहरी क्षेत्रमा सहभागितामूलक विकासका क्रियाकलापमा महिला सहभागिताको अवस्था कस्तो छ ?
- विकासका नीतिले महिलाका क्षेत्रमा ल्याएका प्रतिफलहरू के कस्ता छन् ?
- सामाजिक र आर्थिक क्रियाकलापमा महिला सहभागिता कम हुनुका कारक तत्वहरु के-के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सामाजिक र आर्थिक क्रियाकलापमा महिला सहभागिताका बारेमा अध्ययन गर्नु रहेको छ। अध्ययनका विशिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन् :

- शहरी क्षेत्रमा सहभागितामूलक विकासका क्रियाकलापमा महिला सहभागिताको अवस्था पत्ता लगाउने ।
- विकासका नीतिले महिलाका क्षेत्रमा ल्याएका प्रतिफलहरू खोजी गर्ने ।
- सामाजिक र आर्थिक क्रियाकलापमा महिला सहभागिता कम हुनुका कारक तत्वको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

प्रस्तुत अध्ययन पोखरा-१६, तुलसीघाट मार्गका विवाहित महिलाहरुको सामाजिक आर्थिक क्रियाकलापमा सहभागिता विषयक शीर्षकमा तयार पारिएको हो । यस अध्ययनले उक्त क्षेत्रका महिलाहरुको वास्तविकता पहिचान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै यस

अध्ययन आगामी शोद्यार्थी तथा अनुसन्धानकर्ताहरुका लागि सन्दर्भ सामग्रीको रुपमा सहयोग गर्ने अपेक्षा लिइएको छ । त्यसै गरी राज्यका नीति निर्माण तहदेखि लिएर कार्यान्वयन तहसम्मका लागि नीति निर्माण तथा कार्यक्रम तर्जुमा गर्न पनि यस अध्ययनले सहयोग गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययन सिमित स्रोत र साधन समयमा नै सम्पन्न गनुपर्ने भएकाले आम महिलाहरूको धारणालाई समेट्न सकिएको छैन् । तसर्थ पोखरा महानगरपालिका वडा नं १६, तुलसीघाट मार्गमा बसोवास गर्ने महिलाहरूको आर्थिक र सामाजिक क्रियाकलापमा रहेको सहभागिताको अवस्था र सोको कारण तत्वको खोजी गर्नेमा मात्र यस अध्ययन सिमित रहने छ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

सामाजिक र आर्थिक क्रियाकलापमा महिला सहभागिताको अध्ययनमा केन्द्रित प्रस्तुत शोधपत्रलाई छ अध्यायमा संगठित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय समावेश गरिएको छ । दोस्रो अध्यायमा विभिन्न सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक पुनरावलोकन, पूर्व अध्ययनको समिक्षा तथा आधाराणात्मक खाकालाई समावेश गरिएको छ ।

अध्ययाय तीनमा अनुसन्धान पद्धती अन्तरगत अध्यन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्रता र नमूना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन विधि, अन्तरवार्ता अनुसूचि, वैयक्तिक अध्ययन, मुख्य जानकारसंगको अन्तर्वाता, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक–सांस्कृतिक अवस्था, अध्याय पाँचमा अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक–अर्थिक सहभागिताको विवरण उल्लेख गरिएको छ । अध्याय छ मा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु समावेश गरिएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको समीक्षा

## २.१ अवधारणागत सिंहावलोकन

मानव समाज महिला र पुरुषबाट अगाडि बढेको हुन्छ। जैविकीय रुपमा महिला र पुरुष दुई किसिमको लिङ्ग हुनु प्राकृतिक भिन्नता हो । यही शारीरिक भिन्नताका कारण महिला र पुरुषको कार्य सम्पादनमा केही भिन्नता रहन्छ । जस्तै सन्तान जन्माउने कार्य महिलाहरुले मात्र गर्न सक्छन भने विर्य उत्पादन गर्ने कार्य पुरुषले मात्र गर्न सक्छन् । यसप्रकारको भिन्नतालाई परिवर्तन गर्न सकिदैन । महिला र पुरुषलाई लिङ्गकै आधारमा समाजले परम्परादेखि हालसम्म सामाजिक तथा सांस्कृतिक रुपमा प्रदान गरेको भूमिकालाई नै Gender भनिन्छ। लिङ्गका आधारमा परिवार, समुदाय तथा समाजमा व्यक्तिले निभाउने विभिन्न भूमिका तथा जिम्मेवारीहरुमा हुने भेद वा अन्तरहरु Gender भित्र पर्दछन् । घरभित्रका कार्यहरु, शिक्षा, रोजगारी, आर्थिक स्वामित्व, आत्मासुरक्षा सामाजिक सुरक्षा, नेतृत्व तथा जिम्मेवारी आदिमा रहेका सामाजिक विभेदहरु Gender सँग सम्बन्धित हुन्छन् (भद्रा, २०६०)।

कुनै व्यक्ति, परिवार, समुदाय तथा स्थान वा क्षेत्रमा देखापर्ने समय अनुसारको सकरात्मक परिवर्तनलाई विकास भनिन्छ । अर्को शब्दमा कुनै समुदाय समाज तथा राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक तथा मानवीयस्तरमा क्रमगत रुपमा सकरात्मक परिवर्तन हुने प्रक्रियालाई विकास भनिन्छ । विकास एक बहुआयामिक प्रक्रिया हो जसलाई विभिन्न सूचकहरुबाट मापन गर्न सकिन्छ। विकासको महशुस सम्पूर्ण समूह, बर्ग, लिङ्ग र व्यक्ति तथा समूहहरुले गर्नुपर्दछ । आर्थिक विकास, सामाजिक विकास र मानवीय विकासका माध्यमबाट विकासको विश्लेषण गर्ने गरिन्छ। विकासको प्रक्रियामा महिलाको सहभागिता अनिवार्य रुपमा हुनुपर्दछ। यदि सो नभएमा विकास दीगो हुन सक्दैन। यो मान्यता पछिल्लो समयमा आएर मात्र विकासको नीतिमा समावेश गरेको पाईन्छ। लैङ्गिक अवधारणालाई सन् १९५० पछि मात्र समावेश गर्न सुरु गरिएको पाईन्छ (भद्रा, २०६०)।

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ उनिहरुलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थबोध गर्नुलाई सामाजिक लिङ्ग वा जेण्डर भनिन्छ । जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसगँ जोडिएर आउने साँस्कृतिक मूल्य मान्यता, भूमिका तथा विशेषताहरुको समष्टिगत रुप हो । (भासिन, २००३)

जबसम्म महिलाहरू आर्थिक र सामाजिक रूपले आत्मनिर्भर हुँदैनन्, तबसम्म उनीहरूमा आत्मबल, नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन । देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सर्वदा संलग्न रहेपनि अशिक्षा, अस्वास्थ्य, गरीबी एवं रूढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवं अन्य स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्णरूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुँदैनन् । तबसम्म देशको आर्थिक, स्थितिमा सुधार आउन सक्दैन (पोखेल, २०६५) ।

सोसीयो ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर (अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी, कास्की) शीर्षकमा गरिएको अध्ययनमा पितृसत्तात्मक सोचले जरा गाडेको समाजमा महिला कृषकहरूको सामाजिक र आर्थिक अवस्था गरीब र शोषित भएको पाइन्छ । प्रत्यक्ष आर्थिक लाभ नहुने घरायसी काममा महिलाको बढी प्रयोग हुन्छ । धेरै महिला कृषकहरू बचत कार्यक्रममा संलग्न देखिन्छन् भने कम मात्र महिला कृषकहरूले क्षमता विकास तालिम पाएका छन् । एकातिर महिलाहरूलाई निर्णय प्रक्रियामा संलग्न गराइँदैन भने अर्कोतिर महिलाहरू अझैपनि निर्णय प्रक्रियामा संलग्न हुन हिच्किचाउँछन् । उनीहरू विभिन्न आधारमा सामाजिक र आर्थिक रूपमा शोषित छन् । पुरुषहरू कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरू पुरुषको तुलनामा बढी काम गर्छन् तर पनि उनीहरूले समाजमा कम आर्थिक महत्त्व पाउँछन् भन्ने निचोड रहेको पाइन्छ । (गुरुङ्ग, २००७)

नेपालमा महिलाहरूको अवस्थाको बारेमा मीना आचार्यले परम्परागत नेपाली समाजमा जात, वंशज र पारिवारिक अवस्थाले गर्दा महिलाहरूको सामाजिक सम्बन्ध तथा

अन्तर्क्रियामा शोषण गरिरहेको छ । यस्ता तत्त्वहरूले गर्दा महिलाहरूको अवस्था समाजपिच्छे फरक फरक रहेकोछ (आचार्य, २०६१) ।

महिलालाई एक किसिमले पिछडिएको जाति वा उत्पीडित जाति भनेर हेर्ने चलन पनि छ । आधुनिक राज्यव्यस्थामा उत्पीडित जातिलाई कसरी अगाडि बढाउने भन्ने प्रश्नमा तीन किसिमका सिद्धान्त निस्किएका छन् । एउटा सिद्धान्तले भन्छ, अवसरको समानता दिने । दोस्रो सिद्धान्तले भन्छ, समान अवसर मात्र दिएर पुग्दैन, त्यसैले आरक्षणजस्तो विशेष अवसर दिनुपर्छ । पुँजीवादी व्यवस्थाभित्र यी दुवै सिद्धान्तलाई उदार व्यवस्था भनिन्छ । तर यी दुवै धारणाको विरोधमा अर्को सिद्धान्त जन्मिएको छ । यो सिद्धान्तले भन्छ, उपलब्धीमा समानता दिनुपर्छ । अवसरको समानता होइन, उपलब्धीकै समानता दिनुपर्छ (आचार्य, २०६१) ।

**महिलाको सामाजिक अवस्था**

नेपालको सामाजिक बनौट पितृसत्तात्मक भएको कारणले गर्दा समाजमा पुरुषहरू सापेक्षिकरूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र साधन स्रोतले सम्पन्न भएको पाइन्छ । साथै घरपरिवारको प्रमुख निर्णयहरू पनि प्रायः पुरुषहरूले नै गर्ने गर्दछन् । पुरुषप्रधान समाजकै कारण महिला र पुरुषको जैविक भिन्नतालाई आधार बनाएर महिला र पुरुषलाई असमानतामा आधारित सामाजिक परिचय दिने गरेको र महिलाहरूको परिचय पुरुषको सम्बन्धसँग गाँसेर व्याख्या गर्ने गरिएको पाइन्छ । पुरुषलाई बाहिरी संसारसँग सम्बन्ध स्थापित गरी कमाउने, परिवार पाल्ने र उनीहरूको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गर्ने र महिलाहरूलाई बच्चा जन्माउने, स्याहार सुसार गर्ने, घरको कामको जिम्मेवारी लिने आदि जस्ता घरभित्रको मात्र जिम्मेवारी दिने गरिएको छ । घर परिवार, समुदाय र राज्य संरचना तथा संचालनमा लैंगिक विभेद विद्यमान रहेको पुरुषको दाँजोमा महिलाहरूको सामाजिक विकासको स्थिति कमजोर रहेको र शिक्षा, स्वास्थ्य र सूचनाजस्ता क्षेत्रमा महिलाको पहुँच पुरुषको दाँजोमा कम रहेको देखिन्छ (थापा, २००८) ।

नेपालका अधिकांश समुदायहरू पितृसत्तात्मक पद्धतिमा आधारित भएकाले महिलाहरूको जीवन उनीहरूका बाबु र पतिबाट बढी प्रभावित हुने गरेको छ । विवाहको अवस्थाले महिलाको जीवनमा ज्यादा महत्व राख्दछ । विवाहको घटनाले नै महिलाको प्रायः समग्र जीवनको इच्छा र जीवनयापनमा निर्णायक भूमिका खेल्दछ । हिन्दू परम्पराअनुसार विवाह

पुरुष तथा महिला दुवैका लागि आवश्यक कुरा हो । महिलाविना पुरुषको जीवनलाई पूर्ण मानिदैंन । खासगरी Indo-Aryan संस्कृतिमा महिलाहरूलाई उनीहरूका अभिभावकद्वारा कम उमेरमा विवाह गर्न प्रोत्साहित गरिन्छ । कम उमेरको विवाह महिलाहरूको शुद्धतासम्बन्धी अवधारणामा आधारित हुनुको साथै खेतीपाती र घरेलु काममा सहयोग पुग्ने अभिप्रायबाट समेत उत्प्रेरित हुने गरेको छ (थापा, २००८) ।

विवाहलाई महिला र पुरुषको व्यक्तिगत मामिलाभन्दा पनि दुई कुलका बीचको सामाजिक सम्झौताको रूपमा लिन्छ । आफ्नो जीवनसाथी रोज्ने काममा महिला र पुरुषको समेत ज्यादै कम भूमिका हुने गरेको छ । यसका अतिरिक्त खासगरी तराइका ग्रामीण इलाकाहरूमा बहुविवाहको प्रचलन अहिले पनि देख्न सकिन्छ । Tibeto-Burman समूहमा विवाहका लागि आफ्नो जोडी रोज्ने कुरामा केही लचकता पाइन्छ । तर जे भए पनि अधिकांश समुदायमा पितृसत्तात्मक मान्यताको प्रभुत्व रहेको, कम उमेरमा विवाह गर्ने प्रचलन रहेको र छोराको महत्व बढी रहेको पाइन्छ (भण्डारी, २०६६) ।

बहुसंख्यक महिला र पुरुषले पच्चीस वर्षभन्दा अघि नै विवाह गरिसकेका हुन्छन् । Indo-Aryan समुदायका महिलाहरू एकपटक विवाह गरिसकेपछि जीवनभर सो विवाह बन्धनमा बाँधिन्छन् । कम उमेरमा विवाह हुने गरेकाले कलिलो उमेरका कारण उनीहरूले आफ्नो हित अहितसम्बन्धी सबै पक्षको बारेमा सोचविचार गर्न सकेका हुँदैनन् । जब उनीहरू वास्तविकता बुझ्ने हुन्छन् उनीहरू बन्धनमा बाँधिइसकेका हुन्छन् । विवाह गर्ने उमेरको बृद्धिसँगै महिला र पुरुषमा आफ्नो जीवन साथी रोज्न सक्ने क्षमतामा पनि बृद्धि हुन्छ र यसले सशक्तिकरणमा पनि बल प्रदान गर्दछ । गैरआर्यन समुदायमा विवाह, पुनर्विवाह र सम्बन्ध विच्छेदमा केही स्वतन्त्रता भए पनि उनीहरूले आफ्नो बच्चा गुमाउनुपर्ने वा बच्चालाई भरणपोषण गर्ने, सम्पत्तिबाट बञ्चित हुनुपर्ने खतरा रहेको पाइन्छ (पौडेल, २०५८) ।

हालका समयमा महिलाको विवाहको उमेर बढ्ने क्रम भने देखिएको छ । तर विवाहको उमेरको यो अवस्था गाउँ र शहरमा, विभिन्न भौगोलिक क्षेत्रमा र शिक्षित र अशिक्षितका बिचमा फरक फरक रहेको छ । शहरी क्षेत्रका महिलाहरू ग्रामीण महिलाहरूभन्दा ढिलो विवाह गर्दछन् । भौगोलिक क्षेत्रको आधारमा हेर्दा पहाड र हिमाली भेगमा भन्दा तराइका महिलाहरूले कम उमेरमा विवाह गर्ने गरेको पाइन्छ । विवाहको उमेरलाई शिक्षाको स्तरले

पनि निर्धारण गर्ने गरेको देखिन्छ । खासगरी Indo-Aryan संस्कृतिमा कलिलो उमेरमा विधवा हुने र पुनर्विवाहको सम्भावना नहुने भएकोले महिलाहरूले अझ बढी कष्ट व्यहोर्नुपरेको अवस्था छ (थापा, २००८) ।

विवाह गर्ने उमेरसँगै सम्बन्ध विच्छेदको मात्रा पनि बढेको पाइन्छ । सम्बन्ध विच्छेदको कारण हेर्दा बहुविवाह वा घर परिवारबाट हुने दमन र हिंसाबाट मुक्ति पाउनका लागि गर्ने गरिएको पाइन्छ । सम्बन्ध विच्छेद गरेकी महिलालाई अहिले पनि समाजमा हेयको दृष्टिले हेर्ने गरिएकोले यस्ता महिलाले आफ्नै सामाजिक एवं जातीय हैसियत सुहाउँदो समूहभित्र विवाह गर्ने सम्भावना अत्यन्त न्यून हुन्छ । यदि पहिलो विवाह सफल भएन भने महिलाको सामाजिक पहिचान नै गुम्ने खतरा रहेको छ (बस्नेत, सुबेदी र आचार्य, २०६९) ।

**महिलाको आर्थिक अवस्था**

पुरुषप्रधान समाज भएको कारणले नेपाली समाजमा आर्थिक स्रोत साधनमाथि महिलाको पहुँच र नियन्त्रण कम रहेको छ । घर परिवारभित्रका आर्थिक क्रियाकलापहरू महिलाहरूले गर्ने गरेको पाइन्छ भने घरभन्दा बाहिर गएर गर्नुपर्ने कार्यहरू प्रायः पुरुषहरूले गर्ने गर्दछन् । नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषिसम्बन्धी क्रियाकलाप र पशुपालनमा महिलाहरूको भूमिका अत्याधिक रहने गरेको छ । तर महिलाहरूले गर्ने अधिकांश आर्थिक क्रियाकलाप अवैतनिक र निर्वाहमुखी हुने भएकाले राष्ट्रिय आयमा उनीहरूको श्रमलाई गणना गर्न सकिएको अवस्था छैन ।

लैङ्गिक दृष्टिकोणबाट आर्थिक स्रोत साधनमा लामो समयदेखि असमान वितरण हुँदा महिलाहरू विकासको वृहत्तर प्रक्रियामा सहभागी हुन र योगदान पुऱ्याउन पुरुषहरू सक्षम छैनन् । शिक्षा र रोजागरीमा बृद्धि भएको कारण महिलाको आर्थिक सशक्तिकरणको क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि विभेदकारी मान्यता र व्यवहारका कारण परिवर्तनको गति भने ज्यादै ढिलो छ । आर्थिक र वित्तीय स्रोत साधन र अवसरको वितरण गर्ने तहको निर्णय गर्ने स्थानमा महिलाहरूको उपस्थिति नभएको कारणले पनि महिला असमानता कायम रहन भूमिका खेलिरहेको हुन्छ ।

लैङ्गिक समानता, महिला सशक्तिकरण , समन्यायिक र दिगो आर्थिक उन्नति र विकासका लागि आर्थिक र वित्तीय स्रोत साधनमा महिलाको पहुँच र नियन्त्रण महत्वपूर्ण हुन्छ । गरिबी

निवारण तथा बालबालिकाको कल्याण लगायतका विकासका बहुआयामिक पक्षहरूमा सकारात्मक प्रभाव पार्नको लागि आर्थिक र वित्तीय स्रोत साधनको वितरणमा लैङ्गिक समानता हुनु पर्दछ । संयुक्त राष्ट्र संघको पहलमा आर्थिक र वित्तीय स्रोत साधनमाथि महिलाहरूको पहुँच र नियन्त्रण प्राप्त गर्ने अधिकार र लैङ्गिक समानताका लागि अन्तर्राष्ट्रिय समुदायको बलियो प्रतिवद्धता रहेको छ । मानवअधिकार सम्बन्धी सन्धी, संयन्त्र र दस्तावेजहरूले आर्थिक स्रोत साधनमाथि महिलाहरूको पहुँच र नियन्त्रणको विषयमा सम्बोधन गरेका छन् र यी प्रतिवद्धताहरू पूरा गर्नु सरकारको प्रमुख जिम्मेवारी रहेको छ (पौडेल, २०५८) ।

विद्यमान कानुनी व्यवस्थामा सुधार गरेर महिलाहरूको रोजगारीलाई सुनिश्चित गरी उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउने प्रयास गरिएको छ । जसअनुसार निजामति सेवा ऐन, २०४९ ले निजामति सेवाका खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद विभिन्न वर्गका लागि आरक्षित गरी त्यसमध्ये ३३ प्रतिशत पद महिलाको लागि आरक्षित गरेको छ । सेवा प्रवेशको लागि अधिकतम उमेर ३५ वर्ष भए पनि महिलाको लागि ४० वर्ष कायम गरेको र परीक्षण काल १ वर्ष रहेकोमा महिलाको लागि ६ महिना गरी राज्यको प्रशासनयन्त्रमा महिला सहभागिता अभिवृद्धि गर्ने प्रयास भएको देखिन्छ । यसैगरी नेपाली सेनामा महिलाको प्रवेशलाई स्वीकार नगर्ने प्रचलनको अन्त्य गरी नेपाली सेना सम्बन्धी १२ औं संशोधन ऐन, २०६३ ले नेपाली सेनामा महिलाको प्रवेशलई खुल्ला गरेको छ । प्रहरी नियमावलीले पनि प्रहरी सेवामा महिलालाई २० प्रतिशत सिट सुरक्षित गर्ने विशेष व्यवस्था गरेको छ (बस्नेत, सुबेदी र आचार्य, २०६९) ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### नारीवाद आन्दोलन

नारीवादलाई दुई प्रमुख मार्गमा परिभाषित गर्न सकिन्छ । यसको साँघुरो अर्थ महिलाको लैङ्गक विभेदकारी सिद्धान्त, सामाजिक उत्पीडनको अन्त्यको अभ्यास हो । फराकिलो र गहिरो अर्थमा नारीवाद भनेको सचेत लिङ्ग र लैङ्गिक असमानताको सामाजिक यथार्थका जटिल मार्गको खोजी, विश्लेषण र व्याख्यामा सम्बन्धीत आधारभूत प्रणालीको एउटा प्रकार हो (जोतोभ, १९८५) । नारीवादले समाजको आधुनिक रूपले विश्लेषण गर्छ । संसारका

विभिन्न भागमा उठेका महिलासँग सम्बन्धीत आन्दोलनहरूका बारेमा वैचारिक, दार्शनिक रूपमा नारीवाद स्थापित भएको छ । महिला र पुरुष अधिनताको चुनौति दिँदै सैद्धान्तिक विचारको उत्पत्ति १९६८ मा भएको थियो । महिलावाद भन्ने अवधारणाको सुरुआत अठारौं शताव्दीदेखि महिलावादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडी बढेको पाइन्छ भने १९८० देखि नारीवादलाई आधुनिक अवधारणाको रूपमा हेरिएको पाइन्छ । यस अवधारणाले दक्षिण एसियाली महिलाहरूले महिलाहरूको शोषण र पीडा बारे समाजमा, घरमा र कार्यक्षेत्रमा सचेत भई परिवर्तनका लागि कार्यरत हुनु नै नारिवाद हो भनि परिभाषित गरेको छ । अर्को शब्दमा नारीवाद भन्नाले महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो (चौलागाईं, पोखरेल र सापकोटा २०६०) ।

वर्तमान विश्वमा नारीवाद आकर्षक हुनाको साथै यसले योजनाविद्, राजनीतिज्ञ एवं विकासविद्हरूलाई विभिन्न तरिकाले ध्यानाकर्षण गऱ्यो, जसले गर्दा नारीवादलाई महिलाको अधिनतामा प्रश्नहरू र चुनौतिहरू खडा गर्ने दृष्टिकोणको रूपमा लिइन्छ । सामान्य कुरा गर्दा 'नारीवाद' ले दुइटा कुरा समेटेको हुन्छ । एक, महिलाहरू माथि हुने उत्पीडन तथा शोषण सम्बन्धी चेतना र दुई, त्यस अवस्थालाई फेर्नका लागि गरिएका सचेत क्रियाकलापहरू (तामाङ, २००४) ।

## नारीवाद/महिलावादमा पहिलो धार

महिलावादी आन्दोलनलाई केलाउँदा महिलावादको पहिलो धारको सुरुवात गर्नमा अमेरिकामा दासताको विरुद्ध महिलाहरूद्वारा गरिएको आन्दोलनका साथै एलिजावेथ स्टान्टन र लुर्सिया मटद्वारा न्यूयोर्कमा गरिएको महिला सम्मेलनले महत्वपूर्ण भूमिका खेलेका छन् । महिलावादको यो पहिलो धार महिलाको राजनैतिक, कानूनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यसले दासताको विरुद्धमा, मताधिकार, आधारभूत अधिकार, नारी र पुरुष बिचको समानता, रोजगारी तथा शिक्षा लगायतका विषयमा जोड दिएको पाइन्छ । यो धार सन् १९५० मा सुरु भएर १९६० को प्रारम्भमा अन्त्य भयो (मार्सल, २००४) ।

## नारीवाद/महिलावादमा दोस्रो धार

महिलावादमा दोस्रो धारको सुरुवात सन् १९६० को दशकमा भयो । यो धार परिवार र समाजमा महिलाको महत्व हिनताको विरुद्धमा लागि परेको थियो । सन् १९६३ मा बेट्टि

फ्रिडानले 'द फेमिनिज मिस्टिक' पुस्तक लेखे पछि दोस्रो धारको शुरु भएको मानिन्छ । त्यो पुस्तक मध्यम वर्गीय महिलाहरूको नयाँ नारीवादी आन्दोलनको आधारशिला बन्यो । त्यस पुस्तकमा फ्रिडानले अमेरिकामा चलिरहेको मध्यमवर्गीय जीवनशैलीले कसरी महिलाहरूको वौद्धिक र भावनात्मक विकासलाई रोकिरहेको छ भन्ने कुराको मिहिन विश्लेषण गरिन् । यो धार सन् १९६० मा सुरु भएर १९८० सम्म अस्तित्वमा रह्यो । यस धारमा धेरै महिलावादी सिद्धान्तहरूको प्रतिपादन एवं विकास भयो (तामाङ, २००४) ।

### नारीवाद/महिलावादमा तेस्रो धार

महिलावादमा तेस्रो धारको विकास सन् १९८० को दशकमा भएको मानिन्छ । यो धारले महिला माथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । समाजमा निर्मित वस्तु तथा सेवाको असमान वितरण, वर्ग, जात जातियता, उमेर, संस्कृति आदिले गर्दा महिलाहरूका बिचमा फरक रहेको निष्कर्ष यस धारले निकालेको छ । यस धारले सन् १९६० देखी ७० को दशकसम्म महिला मुक्तिका लागि गरिएका प्रयासहरू एवं अन्य महिलावादी अध्ययन अनुसन्धानको समालोचना गरी ८० को दशक भन्दा अगाडीका महिला सम्बन्धमा गरिएका अध्ययन अनुसन्धान मनगढन्ते र यथार्थ भन्दा टाढा रहेको प्रष्ट्याएको छ । यो धार पश्चिमी समाजमा मात्र सीमित नभई विश्वव्यापी व्यवस्था तेस्रो विश्व लगायत संसारका सबै महिलाहरूसँग सम्बन्धीत छ (मार्सल, २००४) ।

यसरी महिलावादी आन्दोलन निरन्तर रूपले अगाडी बढ्ने क्रममा विभिन्न धारमा विभिन्न महिलावादी दृष्टिकोण/सिद्धान्त/अवधारणाहरूको विकास भएको पाइन्छ । जसमध्ये केही निम्नानुसार छन् :

### क) उदारवादी नारीवाद

सन् १९५० र १९६० को दशकमा  नागरिक आन्दोलनले स्थान लिईरहेका बखत यो सिद्धान्त निकै लोकप्रिय थियो । उदारवादी नारीवाद भनेको यस्तो रूप हो, जसले कानूनी प्रक्रिया र सामाजिक सुधारबाट महिलाको समानतालाई जोड दिन्छ । यो सिद्धान्त लक, रुसो, बेन्थम, जे.एस.मिलबाट विकसित स्वतन्त्रता र न्यायका लागि समान अधिकारको उदारवादी दर्शनमा आधारित छ  (रिटजर, १९९६) ।

उदारवादी नारीवाद १९ औं शताब्दीको अन्त्य र २० औं शताब्दिको आरम्भमा १९९० को दशकमा भएका महिला आन्दोलनमा शसक्त भएर अग्र पंक्तिमा आयो । यसले समान अवसरका लागि महिला र पुरुषको समानतामा जोड दिन्छ र महिला अधिकारका लागि सङ्घर्ष गर्दछ । यसले श्रम बजारमा पुरुष सरह संलग्न महिला, त्यस्तै घरायसी कामकाज वा पारिवारिक उत्तरदायित्व बहन गर्ने पुरुषलाई पनि वेतनभोगी पेशेवर सरह संकेत गरेको छ । महिला मुक्ति र स्वतन्त्रतामा उदार महिलावादले निकै महत्व राख्दै महिलाको स्वतन्त्रता र विकासलाई जोड दिन्छ । महिलालाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य बिभाजनको स्वरूप निर्धारण गर्दछ भन्ने मान्यता यसले राख्दछ । महिलाहरू पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । त्यसैले महिलाहरूको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्छन् भन्ने मान्यता यस नारीवादमा पाइन्छ (रीट्जर, १९९६) ।

इस्वीको अठारौं शताब्दीमा बेलायत निवासी मेरी वल्स्टनक्राफ्टले यस अवधारणालाई अगाडी ल्याएकी हुन् भन्ने सामान्यतया मानिएको छ । उनको 'महिला अधिकारको औचित्य' नामक पुस्तकमा अठारौं शताब्दीको उत्तरार्द्धमा उदाएका पूँजिपति वर्गका महिलाहरूका आकांक्षाहरू र आफ्नो अवस्थाका बारेमा उनले प्रष्ट पारेकी थिइन् । त्यस समयमा बेलायत र अन्य युरोपेली देशहरूमा उचित वातावरण पाएको खण्डमा महिलाहरू पनि पुरुष सरह सक्षम नागरिक हुन्छन् भन्ने यो उदारवादी धारणा क्रान्तिकारी चिन्तन थियो । यस धारणाको आधारमा छोरीले पनि शिक्षा पाउनुपर्ने, महिलाले सार्वजनिक जीवनमा स्थान पाउनुपर्ने जस्ता सामाजिक मागहरू तत्कालिन परिप्रेक्षमा क्रान्तिकारी मागहरू थिए । यस सन्दर्भमा सन् १९६० को दशकमै बेट्टि फ्रिडानले 'द फेमिनिज मिष्टिक' पुस्तक मार्फत महिला र पुरुष बिच रहेका भिन्नता बारे अतिरञ्जित र भ्रामक चिन्तनका कारणले गर्दा उनीहरूमा अन्तरनिहित समानता छोपिएको छ भन्ने तर्क अघि सारिन् । उदार नारीवादले शैक्षिक अवसरहरू, नागरिक अधिकारहरू, प्रजनन् सम्बन्धी अधिकारहरू, समान श्रमको समान ज्याला जस्ता मागहरूलाई जोड दियो । यि सबै मागहरू न्यायोचित हुँदाहुँदै पनि उदार नारीवादले वर्ग विभाजित उचनिचमय समाज व्यवस्था भित्र केवल मध्यम वर्गीय महिलाहरूका निम्ति मध्यम वर्गीय पुरुषहरू सरह स्थान र अधिकारको माग गरेको छ । अनि त्यस समाज व्यवस्थाबाट अत्यन्तै शोषित मजदुर वर्गीय महिलाहरूका हकमा भने केवल कल्याणकारी क्रियाकलापहरूद्वारा थोरै राहत पुऱ्याउने उपायहरू मात्रै निकाल्न

सकेको छ । उदार नारीवादले न त त्यस्तो समाज व्यवस्थाको आधारभूत परिवर्तनको आवश्यकतालाई सैद्धान्तिक रूपमा आत्मसात् गर्दछ, न त त्यस्तो किसिमको परिवर्तन नै खोज्दछ । यसकारणले सामान्यतया उदार नारीवादको आम चरित्रलाई सुधारवादी भनिन्छ (तामाङ, २००४) ।

### ख) मार्क्सवादी नारीवाद

यो सिद्धान्त विसौं शताब्दीको आरम्भमा प्रतिपादन भएको पाइन्छ । मार्क्सवादका अनुसार मानव माथिका बन्देजका जराहरू निजी सम्पत्ति प्रणालीको स्थापना र त्यस सँगसँगै निर्माण हुने वर्ग विभाजित समाज व्यवस्थामा पाइन्छन् अनि समाज रूपान्तरणमा उत्पादन पद्धतिको रूपान्तरणले मुख्य भूमिका खेल्दछ । मार्क्सवादले वर्ग सङ्घर्षलाई प्रधान महत्व दिए तापनि सुरु देखि नै महिला उत्पीडन र पृथक महिला आन्दोलन प्रति पनि उल्लेखनीय ध्यान दिएको पाइन्छ । मार्क्सवादी नारीवादको विकासको सन्दर्भलाई हेर्दा फ्रेडरिक एङ्गेल्स्को कृति "परिवार, निजी सम्पत्ति र राज्य (१८४४)" लिन सकिन्छ जसमा समाजमा रहेको लैङ्गिक विभेदलाई विश्लेषण गरिएको छ । एङ्गेल्स्को ऐतिहासिक मानव विकासको विश्लेषण अनुसार पशुपालन उत्पादन पद्धतिबाट सुरु भई कृषि उत्पादन पद्धतिको विकाससँगै व्यापक रूपमा विस्तार र स्थापित भएको निजी सम्पत्ति प्रणाली र लैङ्गिक श्रम विभाजनको विस्तारले महिला उत्पीडनको सुरुवात भएको देखिन्छ । आम उत्पादन पद्धतिमा भएका यी परिवर्तनका क्रममा महिलाहरूलाई उत्पादनका साधनबाट वञ्चित गरिएको थियो र सामाजिक पुनर्उत्पादनलाई उत्पादनबाट छुट्टयाएर महिलाहरूलाई पारिवारिक परिवेशमा सीमित तुल्याईएको थियो । यसरी मार्क्सवादी नारीवादीहरूले 'उत्पादन' भन्ने अवधारणालाई फराकिलो पार्दै घरायसी महिलाहरू र पूँजिवादी श्रम बजारमा निर्भर मजदुरहरूको उत्पीडनलाई जोडेका छन् । मार्क्सवादी नारीवादका लागि वर्ग सङ्घर्ष र नारी मुक्ति सङ्घर्षको सम्बन्ध एउटा जटिल सवालका रूपमा रहेको छ । एकातिर मार्क्सवादी सिद्धान्तमा वर्ग नै सङ्घर्षको मूलभूत आधारको रूपमा स्थापित छ जस अनुसार वर्ग सङ्घर्ष मार्फत मात्रै लैङ्गिक, जात जातीय आदि कुराहरूमा आधारित उत्पीडनलाई समाप्त गर्न सम्भव हुन्छ (तामाङ, २००४) ।

मार्क्सवादी नारीवादीहरू शक्तिको आर्थिक अवस्थालाई उत्पीडनको निर्णायक मान्दछन् । जहाँ महिलाहरू विना वेतन काम गर्दछन्, कार्यालयमा न्यून तलव  दिइन्छ, वा आंशिक समय

गर्ने कामलाई तल्लो हैसियतमा राखिन्छ । त्यहाँ महिलामाथि उत्पीडन सुरु हुन्छ । मार्क्सवादी नारीवादीहरू कामदार वर्गको मुक्ति र पूँजिवादको उन्मुलनमा महिलाहरूको स्वार्थ रहने कुरामा विश्वास गर्छन् । यो सिद्धान्तले पूँजीवादी समाजमा हुने महिलाको परनिर्भरता र शोषणका बारेमा प्रशस्त वर्णन गरेको छ । तिनीहरूले वर्ग सङ्घर्षलाई प्राथमिकता प्रदान गरेको पाइन्छ । आर्थिक शोषण, लोग्ने र बाबुसँगको शक्तिहिन सम्बन्ध र परनिर्भरतालाई घटाउनु पर्ने छ । यो विश्लेषणको केन्द्र भागमा लैङ्गिक सम्बन्धले स्थान लिएको हुन्छ (पौडेल, २०५८) ।

### ग) समाजवादी नारीवाद

समाजवादी नारीवादले पुरुष प्रधानता र पूँजिवादको विचारलाई एकिकृत गरी वर्ग र लैङ्गिक उत्पीडनलाई उन्मुलन गर्न खोजेको छ । समाजवादी नारीवादीहरूले आर्थिक निर्भरताले गर्दा महिलाहरू माथि उत्पीडन भएको मान्दछन् । उनीहरूले निजी सम्पत्तिको अस्तित्व हुनुभन्दा पहिला पुरुष प्रधानताको अस्तित्व सुरु भएको मान्दछन् । तर निजी सम्पत्तिको उन्मुलन भए पछि पनि उत्पीडनको अन्त्य नहुने विश्वास गर्छन् (एङ्गेल्स, १९८६) ।

समाजवादी नारीवादीहरूले महिला उत्पीडनको स्रोतका रूपमा सामाजिक लिङ्गको भन्दा वर्गको प्राथमिकताका बारेमा प्रश्न उठाएका छन् । यसैगरी महिलाहरू भन्दा मजदुरहरू आधारभूत रूपमा उत्पीडित समुदाय हुन् भन्ने कुरा माथि पनि प्रश्न गर्छन् । साथै महिला भएका कारणले महिलाहरू उत्पीडित छन्, वर्गीय समाज व्यवस्था त्यसको एकमात्र स्रोत होइन भन्ने तर्क उनीहरूले गर्छन् । कतिपयले उत्पादनको पद्धतिमा परिवर्तन भएको खण्डमा पनि विचारात्मक तथा मनोवैज्ञानिक संरचनाहरू जीवित रहन्छन् जसले महिलाहरूको शोषित अवस्थालाई निरन्तरता दिन्छ भन्ने तर्क गर्छन् । यस धारका नारीवादीहरूले वर्ग व्यवस्थालाई छाँयामा पारेर महिला उत्पीडनको मूल स्रोतका रूपमा श्रममाथि पुरुषहरूको नियन्त्रणतिर औँल्याउँछन् । पुरुषहरूको यस नियन्त्रणले गर्दा आर्थिक साधनहरूमा महिलाहरूको पहुँच सीमित छ र आफ्नो यौनिकता एवं प्रजनन् शक्ति महिलाको नियन्त्रणमा छैनन् । कतिपयले लिङ्गमा आधारित श्रम विभाजनलाई प्रमुख स्रोतको स्थान दिएका छन् । समाजवादी नारीवादीहरूले शोषण र उत्पीडनलाई प्रमुख कुरा मान्छन् । उनीहरू सामाजिक-आर्थिक संरचनाहरूमा केन्द्रित रहेको पाइन्छ । त्यसैले समाजवादी नारीवादीहरू

एक हदसम्म विश्वपूँजीवादको व्याख्या नारीवादी दृष्टिकोणबाट गर्न सफल भएका छन् (तामाङ, २००४) ।

समाजवादी नारीवादीहरूले मार्क्सवादको आधारभूत सिद्धान्तहरूलाई मान्यता दिँदै त्यसलाई अझ अघि बढाएर ति क्षेत्रहरूमा लागू गरे, जहाँ उनीहरूको दृष्टिमा परम्परागत मार्क्सवादी विश्लेषण छुट्न गएको थियो । तिनीहरू मार्क्सवादी तथा अतिवादी नारीवादी सोच दुवैलाई प्रयोग गर्दै यो कुरा मान्छन् कि दुवै उपयोगी भए पनि आफैंमा पूर्ण छैनन् । यिनीहरूले लिङ्गको आधारमा भएको श्रम विभाजनको विभिन्न रूपको यथास्थितिलाई मान्दछन् । समाजवादी महिलावादीहरूको भनाइ अनुसार उत्पादनको तरिकामा परिवर्तन भयो भने ऐतिहासिक रूपमा पुरुष र महिलाहरूको पारस्परिक सम्बन्धमा पनि परिवर्तन हुन्छ (भासिन, २००३) ।

## २.३ पूर्व अध्ययनको समीक्षा

बराल (२०६७) ले 'सम्बन्ध विच्छेदका कारण असर' शोधपत्रमा हिन्दु धर्म मान्ने तागाधारी जातिको विवाह र त्यसबाट सिर्जित सम्बन्ध विच्छेदका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । जसमा सम्बन्ध विच्छेद हुनुको कारण र सम्बन्ध विच्छेदबाट व्यक्तिगत जीवनका साथै सामाजिक जीवनमा पर्ने असरका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । जसमा विवाह सँग सम्बन्धित महिला हिंसाका बारेमा देखाइएको छ । यस प्रकार विवाह संस्कारमा दाइजोसँग सम्बन्धित हिंसाहरु र त्यसले निम्त्याउने सम्बन्ध विच्छेदको घटनालाई देखाइएको छ ।

थापा (२०६६) का अनुसार महिला अधिकारका कुरा महिलासँग मात्र सम्बन्धित नरही बालबालिका, परिवार, समाज, राष्ट्र र विश्व समुदायकै उन्नती र हितका विषयहरु हुन भन्दै उल्लेख गरिएको छ । महिला अधिकार र समानताका कुराहरु कागजी रूपमा मात्र सीमित रही अझै परिणाम मुखी हुन नसकेको र संयुक्त राष्ट्र संघले सहसाब्दी सम्मेलन गरिसक्दा समेत राष्ट्रद्वारा निर्मित कानुनहरुले नै महिला विरुद्ध प्रत्यक्ष रूपमा भेदभावपूर्ण व्यवहार भएको उल्लेख गरिएको छ । सरकारका नीति र कार्यक्रममा केही मात्रामा प्रगति भए पनि महिलाको अवस्था चुनौतिपूर्ण नै देखिएको छ । छोराको चाहनाको कारण स्त्री भ्रूणको हत्या, बलत्कार, बेचविखन, मानसिक यातना, वालविवाह, बहुविवाह, बहुपति प्रथा, दाइजो प्रथा, दुलहीलाई जलाउने कार्य, दुर्वचन र यौनजन्य दुर्व्यवहार आदि नेपालमा विद्यमान महिला

हिंसाका केही स्वरुपहरु हुन् । नेपालमा परम्परागत सांस्कृतिक हिंसाका रूपहरु जस्तै देउकी, वादी र झुमा प्रथाहरु पनि प्रचलनमा छन् । दाइजोका नाममा महिलाहरुलाई दिइने शारीरिक यातना र मानसिक तनावहरु पनि पटकपटक प्रकाशमा आउने गरेका छन् । महिला विरुद्ध हुने सम्पूर्ण अपराधहरु प्रकाशमा नै नआउने र यस्ता पीडित महिलाहरुको विश्वसनिय तथ्याङ्क प्राप्त नहुने साथै प्रभावकारी कानुनी र सामाजिक समर्थनको अभाव रहेको छ ।

वेनेट (२००३) ले उच्च ब्राह्मण क्षेत्री परिवारका महिलाको सामाजिक सांस्कृतिक पक्षलाई आधार मानी अध्ययन गरेकी छन् । जहाँ हिन्दु धर्म प्रभावित पितृसत्तात्मक परिवारको आर्थिक, सामाजिक, सांस्कृतिक धार्मिक पक्षमा महिलाको हैसियत विश्लेषण गरिएको छ । पितृप्रधान समाजका नियम, चलन र संस्कारहरुको विश्लेषण गरिएको छ । महिलाहरुलाई देवी वा दासीको रूपमा, शुद्धता र अशुद्धताको रूपमा पवित्र र अपवित्रताको रूपमा, कामुक र खतराको रूपमा मातृवात्सल्य र घर भडुवा जस्ता द्वैध भूमिका भएका भनि व्याख्या गरिएको छ । विवाहपूर्व छोरी वा बहिनीको रूपमा माइतीमा पवित्र मानिएकी विवाहपश्चात खतरा, निम्न र हेयको रूपमा लिने गरेको पाइन्छ । यसरी हिन्दु धर्मको उच्च ब्राह्मण परिवारमा महिलाको द्वैध भूमिका हुने, महिला पुरुषद्वारा नियन्त्रित हुने, विभिन्न अवसरबाट महिलाहरु वञ्चित रहने जस्ता लैङ्गिक असमानता र भेदभावलाई स्पष्ट पार्दै छोरा पैतृक सम्पत्तिको उत्तराधिकारी हुने र छोरीलाई कन्यादान दिँदा दाइजो दिने गरेको उल्लेख गरेकी छन् ।

थापा (सन् २००८) का अनुसार, दक्षिण एसियाका विभिन्न मुलुकहरुका महिलाको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरु विद्यमान रहेको विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानुनी र राजनीतिक तत्वहरुले प्रभाव पार्दै आइरहेको पाइएको छ । सतीप्रथा, बालविवाह, अनमेल विवाह, बहुविवाह, वोक्सी, विधवा, बेचविखन, दाइजो प्रथा आदि तत्वहरुले नेपाली समाजमा महिला उपर हिंसा भएको छ ।


चापागाईं (२००९) ले स्याङ्जा जिल्ला श्रीकृष्णगण्डकी गा.वि.स., स्याङ्जाका सार्की जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्था र व्यवसायिक परिवर्तन विषयमा अध्ययन गरेकी छन् । यस अध्ययनमा सार्की जातिका महिलाहरु सामाजिक तथा आर्थिक रुपमा पीडित छन्

र यसको मुख्य कारण जातिय छुवाछुत र विभेद हो । यस्तो प्रकारको विभेद नै समग्र देश विकासको वाधक हो । दलितहरुका बीचमा नै हुने विभेद, हिंसा, उदासीन बानी, निरासापन, पेशालाई न्युन रुपमा लिनु, रक्सी चुरोट सेवन गर्नु, अनावश्यक खर्च, सरसफाईको अभाव, खानपिनको कमीले उनीहरुलाई हरेक पक्षबाट कमजोर बनाएको छ । नयाँ सीप र प्रविधिले परम्मरागत जातिय पेशा खस्कदै गइरहेको छ ।

तुलाचन (२०१२) ले ललितपुर जिल्लाको चापागाउँ गा.वि.स. भ्यालुङटारमा बसोवास गर्ने महिलाहरुको पशुचौपाया उत्पादन तथा घरायसी व्यवस्थापनमा कस्तो खालको लैङ्गिक भुमिका रहेको छ भनि अध्ययन गरेकी छिन् । यस क्षेत्र पुर्णरुपमा खेतिपाति तथा पशुपालनमा आधारित  रहेको पाइन्छ । उनले यस क्षेत्रमा वाह्मण, क्षेत्री, मगर तथा दलित जातिका बारेमा महिलाहरुलाई लक्षित गरी पुरुष र महिलाहरुमा खेतीपाती लगाउने, पशुचौपाया किन्ने तथा अरु लेनदेनका व्यवहार सम्बन्घमा अध्ययन गरेकी छिन् जसमा पुरुषले नै मुख्य भूमिका खेलेको पाइएको छ ।

उपरोक्त अध्ययन तथा कृतिहरुले महिलासँग सम्बन्धित रहेर अनुसन्धानबाट समग्रमा सामाजिक आर्थिक क्रियाकलापमा महिला सहभागिताको सन्दर्भमा महिलामा रहेको सामाजिक विभेद, महिला र कानुनी अधिकार, विवाह र सम्बन्ध विच्छेद र महिला हिंसाका घटना तथा जानकारी आए तर सामाजिक आर्थिक क्रियाकलापमा महिला सहभागिताका विषयमा सुक्ष्म रुपमा पहिचान गर्न नसकेको, त्यसका कारणहरुलाई सुक्ष्म रुपमा व्याख्या गर्न नसकेका र त्यसले महिलामा पारेको प्रभावलाइ पनि खोतल्न नसकेको परिप्रेक्षमा यस अनुसन्धानमा सामाजिक आर्थिक क्रियाकलापमा महिला सहभागिता र यसका कारक तत्वहरु पहिचान गरी  सुक्ष्म रुपमा विभिन्न विधागत पक्षबाट केलाउने प्रयत्न गरिएको छ ।

## २.४ अवधारणागत खाका




प्रस्तुत अवधारणागत खाकाबाट के कुरा प्रष्ट हुन्छ भने सामाजिक आर्थिक क्रियाकलापमा महिला सहभागिता न्यून हुनुमा प्रभाव पार्ने चलहरु शिक्षा, रोजगार, व्यवसाय र नेतृत्व विकास रहेका छन् भने अचलहरु मध्ये कानुनी, राजनीतिक र शैक्षिक रहेका छन् ।

# अध्याय तीन

# अध्ययन विधि

यस अध्यायमा अनुसन्धानमा प्रयोग गरिएका विधिहरूको बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क र सूचना सङ्कलन गर्न विभिन्न विधिहरू अपनाइएको छ । यस अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य, प्रकृति र स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

पोखरा शहर अवसरको विभिन्न सम्भावना भएको एक पर्यटकीय शहर हो । यहाँ सामाजिक र आर्थिक रूपान्तरणका लागि विभिन्न क्रियाकलाप भएको पाईन्छ । पोखरामा विभिन्न क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाहरू पनि उल्लेख्य रूपमा रहेको पाईन्छ । संघ संस्था मार्फत पनि विभिन्न सामाजिक आर्थिक अवसरहरू प्राप्त हुन सक्छन् । त्यस्तै सहकारी मार्फत पनि विभिन्न सामाजिक, आर्थिक गतिविधि भएका छन् । यति हुँदा हुँदै पनि यहाँ सामाजिक र आर्थिक क्षेत्रमा महिलाहरूको सहभागिता न्यून पाईन्छ । र त्यसमा पनि प्रभावकारी सहभागिताको अवस्था त झनै न्यून छ ।

राज्यले दिगो विकासका लागि समान लैङ्गिक सहगागिताको नीति लिएको छ । गैर सरकारी संस्थाबाट पनि महिला सहभागिताका विषयमा व्यापक वहस र अभियानहरू संचालित छन् । पोखरा महानगरपालिका अन्तर्गत टोल विकास संस्था मार्फत पनि महिलाहरूको लागि सामाजिक र आर्थिक क्षेत्रमा सहभागि हुने धेरै अवसरहरू छन् । र पनि महिलाहरूको अर्थपूर्ण सहभागिता हुन सकेको छैन । पोखरा महानगरपालिका वडा नं १६ लामाचौर पोखराको एक व्यापारिक केन्द्रको रुपमा विकास भैरहेको ठाउँ हो । जसको आसपासमा महिलाहरूका लागि क्रियाशिल र गतिशील रहने धेरै सम्भावनाहरू देखिन्छन । त्यसैले शहरी एवं पर्यटकीय क्षेत्रको केन्द्रमा अवस्थित टोलको महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा सहभागिताका वारेमा अध्ययन गर्नको लागि पोखरा-१६, तुलसीघाट मार्गलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका प्रतिनिधिहरूको विस्तृत विवरण लिनको लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना आदिको सम्बन्धमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । लैङ्गिक दृष्टिकोणको प्रयोग गरि महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा रहेको सहभागिता पत्ता लगाउन र यस प्रति महिलाहरूको धारणा बुझ्न तथा उनीहरूको आवश्यकता अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

अध्ययन तथा अनुसन्धानमा तथ्याङ्क सङ्कलन कार्य सबैभन्दा महत्वपूर्ण कार्य हो । तथ्याङ्कहरूको सङ्कलन र विश्लेषणबाट नै अनुसन्धानको निष्कर्षमा पुगिने हुँदा यस कार्यलाई प्राथमिकता दिने गरिन्छ । अनुसन्धान प्रकृतिको आधारमा प्राथमिक तथा द्वितिय स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा विशेष गरी प्राथमिक र द्वितिय स्रोतबाट तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक दुवै किसिमका तथ्याङ्कहरू सङ्कलन गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ र आवश्यकता अनुसार सङ्ख्यात्मक तथ्याङ्क पनि सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि अध्ययन क्षेत्रमा शोधकर्ताले अन्तरवार्ता अनुसूचि, अवलोकन, मुख्य जानकार व्यक्तिसँगको अन्तवार्ता, वैयक्तिक अध्ययन विधिहरू अपनाइएको छ । द्वितिय तथ्याङ्क र सूचनाहरू सङ्कलन गर्न विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन, अभिलेख, पत्रपत्रिका, वेवसाइट, प्रकाशित एवं अप्रकाशित स्रोतहरू तथा अन्य सम्बन्धीत साहित्यको सहयोग लिई तथ्याकं सङ्कलन गरिएको छ ।

## ३.४ समग्रता र नमूना छनौट विधि

पोखरा महानगरपालिका वडा नं १६, तुलसीघाट मार्गमा १६० वटा घरधुरि रहेको र अनुसन्धानकर्ताको प्राथमिक अवलोकन अनुसार टोल भरी स्थायी रूपमा बसोबास गर्ने विवाहित १२० जना महिला रहेको हुँदा तिनै १२० जना महिलाहरूलाई अध्ययनको समग्रता

मानिएको छ । १२० जना महिलाहरू मध्ये सम्भावनायुक्त नमूना छनौट अन्तर्गत साधारण नमूना छनौट विधिको आधारमा ६० जना महिलालाई नमूनाको रूपमा छनौट गरिएको छ । यस अध्ययनका लागि विवाहित  महिलाहरु मात्र छानिएको छ । जसमा ६० जना महिलाहरू यस अनुसन्धानका नमूना इकाई रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलन विधि छनौट गर्दा अनुसन्धानको विषय, प्रकृति र उद्देश्यलाई मध्यनजर गरी समय, स्रोत र साधनलाई ख्याल गरेर अनुसन्धानको सहि परिणाम निकाल्न विश्वसनीय तथ्याङ्क तथा सूचना सङ्कलनमा विशेष जोड दिइएको छ । अनुसन्धान क्षेत्रका महिलाहरूसँग प्रत्यक्ष भेटघाट गरी आवश्यक प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्नका लागि निम्न विधिहरू अवलम्वन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूचि

नमूनाको रूपमा छनौट भएका महिलाहरूको अन्तरवार्ता अनुसूचिबाट उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक अवस्था, समस्या, सहभागिता सम्बन्धी जानकारी लिइएको छ । अनुसन्धानमा खुला र बन्द प्रकृतिका प्रश्नहरूको प्रयोग गरिएको छ ।

### ३.५.२ अवलोकन

अनुसन्धानकर्ताले आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै पनि अनुसन्धान परिवेशलाई प्रत्यक्ष नियाल्नु नै अवलोकन हो । समाजशास्त्रीय अध्ययनमा सामाजिक र आर्थिक क्रियाकलाप र गतिविधिहरूलाई बुझ्नका साथै अनुसन्धानमा पर्ने सूचनाहरूलाई सङकलन यस विधिद्धारा गरिएको छ । अनुसन्धान अवधिभर अध्ययन क्षेत्रका विभिन्न क्रियाकलापहरूमा सहभागी भई अध्ययन तथा अवलोकन गरिएको छ । अवलोकनद्वारा उनीहरूको पारिवारिक स्थिति र रहन सहनलाई प्रत्यक्ष रूपमा हेर्न सकिने हुँदा यस अध्ययनमा पनि अवलोकन प्रविधि अपनाई उनीहरूसँग घुलमिल गरी अनुसन्धान गरिएको छ । अवलोकन मार्फत उत्तरदाताहरूले गर्ने र गरिरहेका सामाजिक र आर्थिक कार्यहरूलाई बुझ्ने प्रयास गरिएको छ ।

### ३.५.३ मुख्य जानकारसँगको अन्तर्वाता

समुदायमा रहेका त्यस्ता व्यक्ति जो समुदायमा रहेर महिलाका तथा अन्य सामाजिक क्षेत्रमा विभिन्न पदमा रही लामो समय काम गरेका छन् जसबाट धेरै जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्ता केही जानकारसँग अन्तवार्ता लिई यस खोजको उद्देश्य पूरा गरिएको छ । व्यक्तिबाट गुणात्मक तथ्याङ्क सङ्कलन गर्न १० जना जानकार व्यक्तिहरूवाट उनीहरूले भोगेका बुझेका समस्याहरू चूनौतीहरूको वारेमा सत्यतथ्य सङ्कलन गरी विश्लेषण गरिएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन

उद्देश्यमूलक अनुसन्धानलाई अगाडि बढाउन विश्लेषणात्मक अध्ययन गर्दा महिलाहरुको सामाजिक आर्थिक क्रियाकलापमा रहेको सहभागिताको अवस्था र स्वरुपको खोजी गर्नुपर्ने हुँदा व्यक्तिगत समस्या, अनुभव र आवश्यकताको अनुभव गर्न नमुना छनौटमा पारिएका केही महिलाको वैयक्तिक अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र विवरणात्मक रूपमा विश्लेषण गरिएको छ । सामन्यतया प्राप्त तथ्याङ्कहरूलाई साधारण तालिकामा सङ्ख्या र प्रतिशतको रूपमा व्याख्या गरिएको छ भने अन्य तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । साथै अनुसन्धानका लागि आवश्यक सूचनाहरू सङ्कलन गरी विश्लेषण समेत गरिएको छ । स्तम्भ चित्र, वृत्त चित्र आदिको पनि प्रयोग गरी सङ्कलित तथ्याङ्कहरूलाई अझ स्पष्ट रूपमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

# अध्याय चार

# महिलाहरूको सामाजिक-सांस्कृतिक अवस्था

महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा कम सहभागिता हुनुमा महिलाको उमेर, जातजाति, भाषा, धर्म, वैवाहिक स्थिति, पारिवारिक संरचना, परिवारको प्रकार, बच्चा उत्पादनको स्थिति, परिवारको आम्दानीको स्रोत, शिक्षाको तह, महिलाको पेशा आदिले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकाले यस अध्ययनमा उक्त विषयहरुलाई अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## ४.१ उमेरका आधारमा विभाजन

महिलाहरूको सामाजिक आर्थिक कृयाकलापमा सहभागिता हुनुमा प्रभाव पार्ने तत्व मध्ये एक महत्वपूर्ण तत्व हो उमेर समूह । उमेरकै आधारमा सामाजिक र आर्थिक हैसियत निर्धारण हुने गर्दछ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार तथा निर्णय प्रकृयामा उमेरको प्रभाव रहेको हुन्छ । उमेर जैविकीय आधारमा निर्धारण हुने हुँदा यो निश्चित प्रकारको हुन्छ । सामाजिक अधिकार, सामाजिक महत्व, दायित्व, कर्तव्य र आदि सर्न्दभमा समाजमा उमेरले प्रत्यक्ष प्रभाव पार्दछ । यस अध्ययनमा विवाहित विभिन्न उमेर समूहका महिलाहरूलाई समेटिएको छ । तालिका ४.१ मा उत्तरदाताको उमेर समूहलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ उत्तरदाताको उमेर समूह**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २०–३० | १० | १७ |
| ३०–४० | १२ | २० |
| ४०–५० | १८ | ३० |
| ५०– ६० | १८ | ३० |
| ६० भन्दा माथि | २ | ३ |
| जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तलिका ४.१ ले उमेरको आधारमा उत्तरदाताहरूको संरचनालाई देखाएको छ। यस अध्ययन अनुसार ६० जना उत्तरदाताहरूमा २०–३० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १० जना वा १७ प्रतिशत रहेको छ भने ३०–४० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १२ जना वा २० प्रतिशत रहेको छ । ४०–५० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १८ जना वा ३० प्रतिशत रहेको छ । ५०–६० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १८ जना वा ३० प्रतिशत रहेको छ र ६० वर्ष भन्दा माथिका उत्तरदाताको सङ्ख्या २ जना वा ३ प्रतिशत रहेको छ। अध्ययनक्षेत्रमा ४० देखि ६० वर्ष उमेर सम्मका महिलाहरुको संख्या अधिक रहेको पाइयो ।

## ४.२ शैक्षिक अवस्था

शिक्षा नै मानव जीवनमा विकासको मूख्य आधार हो । शिक्षाले मानिसको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउँछ । महिलाको शैक्षिक स्थितिले मानवको सम्पूर्ण पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ। शिक्षाले महिलालाई समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र निर्णय गर्नमा आत्माबल प्रदान गर्दछ । शिक्षाका कारणले नै महिलाहरूलाई रोजगारीको अवसर प्राप्त हुने र पेशा व्यवसायहरूमा संलग्न हुने ढोका खुल्दछ।

**तालिका ४.२ शैक्षिक अवस्था**

| शैक्षिक योग्यता | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८ | १३ |
| साक्षर | १६ | २७ |
| प्राथमिक तह | २ | ३.५० |
| नि.मा.वि तह | २ | ३.५० |
| मा.वि. तह | ८ | १३ |
| एस. एल. सी. | ६ | १० |
| प्रमाणपत्र तह | १० | १७ |
| स्नातक तह | ८ | १३ |
| स्नाकोत्तर तह | – | ० |
| जम्मा | ६० | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.२ अनुसार कुल ६० जना उत्तरदाता महिलाहरूमध्ये ८ जना अर्थात १३ प्रतिशत महिला निरक्षर, साक्षरको सङ्ख्या १६ जना वा २७ प्रतिशत रहेको छ भने प्राथमिक तह र नि.मा.वि. तह पढेकाको सङ्ख्या २, २ जना अर्थात ३.५०,३.५० प्रतिशत रहेको छ । मा.वि. तह सम्मको सङ्ख्या ८ जना वा १३ प्रतिशत रहेको छ । एस. एल. सी. सम्म पढेकाको सङ्ख्या ६ जना वा १० प्रतिशत रहेको छ । प्रमाणपत्र तहसम्म अध्ययन गरेकाको सङ्ख्या १० जना १७ प्रतिशत रहेका छन् भने स्नातक तहसम्म अध्ययन गरेकाको सङ्ख्या ८ जना वा १३ प्रतिशत रहेको छ । जस अनुसार ६० जना उत्तरदाता महिलाहरू मध्ये उच्च शिक्षा हासिल गरेका महिलाहरूको सङ्ख्या न्यून देखिन्छ । नेपाली समाज पितृसत्तात्मक समाज रहेको हुनाले छोरीलाई शिक्षा कम अवसर प्राप्त हुने, छिटो विवाह (पढ्दापढ्दै), पारिवारिक दायित्व आदिले उच्च शिक्षा प्राप्त गर्नबाट वञ्चित भएको देखिन्छ ।

## ४.३ धार्मिक संरचनाको आधारमा महिलाको अवस्था

हिन्दु धर्म अनुसारका मूल्य मान्यताहरूले पुरुषलाई उच्च स्थानमा राखेका छन् । महिलाहरू घरभित्रका काममा लाग्नुपर्ने र पुरुषहरूले बाहिरबाट कमाएर ल्याएर घरव्यवहार चलाउनुपर्ने कामको बिभाजन जस्ता परम्परावादी सोच अझै विद्यमान छ । हिन्दु धर्मको मान्यता अनुसार महिलाहरू पुरुषहरूका सहयोगी मात्र हुन जुन मान्यताले महिलाहरूको विकासमा वाधा ल्याएको छ ।

**चित्र ४.१ धार्मिक संरचनाको आधारमा महिलाको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ४.१ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ५५ जना महिलाहरू अथवा ९२ प्रतिशत महिलाहरू हिन्दु धर्म मान्ने र ५ जना अथवा ८ प्रतिशत महिलाहरू बौद्ध धर्म मान्ने देखिन्छ । अध्ययन क्षेत्रमा क्षेत्री, ब्राह्मणको संख्या अधिक भएको हुनाले हिन्दु धर्म मान्नेको संख्या बढि रहेको पाइन्छ । यसमा पनि हिन्दु धर्मको रुढीबादी मान्यताले महिलाहरूलाई सामाजिक र आर्थिक क्रियाकलापमा संलग्न गराउन सक्ने परिवेशको सृजना गराउनमा बाधक बन्ने कुरा स्पष्ट रुपमा देख्न सकिन्छ ।

## ४.४ जातिगत आधारमा विभाजन

नेपाल एक बहुजाति, बहुभाषी, बहुसांस्कृतिक देश हो । त्यसैले पृथ्वीनारायण शाहले नेपाललाई ४ जात ३६ वर्णको फूलवारी भनेका थिए । यहाँ विभिन्न जात र जनजाति बसोबास गर्दै आएको पाईन्छ । विभिन्न जातजातिहरूका महिलाहरूको सामाजिक आर्थिक स्तर र निर्णय प्रकृयामा भिन्न भिन्न भूमिका रहेको पाईन्छ । तालिका नं. ४.३ मा अध्ययन क्षेत्रको जातिगत आधारमा महिलाहरूको जनसङ्ख्याको बनावटलाई उल्लेख गर्न सकिन्छ ।

**तालिका ४.३ उत्तरदाताको जातिगत विवरण**

| जातजाति | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | २८ | ४६.६७ |
| ब्राह्मण | १७ | २८.३३ |
| गुरुङ | ८ | १३.३३ |
| मगर | ५ | ८.३३ |
| नेवार | २ | ३.३४ |
| जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*


तलिका ४.३ अनुसार क्षेत्रीको सङ्ख्या २८ अर्थात ४६.६७ प्रतिशत छ । ब्राह्मणको सङ्ख्या १७ अर्थात २८.३३ प्रतिशत रहेको छ । त्यस्तै गुरुङको संख्या ८, अर्थात १३.३३ प्रतिशत र मगरको सङ्ख्या ५ अर्थात ८.३३ प्रतिशत रहेको छ र नेवारको सङ्ख्या २ अथवा ३.३४ प्रतिशत रहेको छ । जहाँ ७५ प्रतिशत सङ्ख्या ब्राहमण र क्षेत्रीको रहेको पाइयो भने २५ प्रतिशत सङ्ख्या मात्र जनजातिहरूको रहेको पाइयो । गुरुङहरूको घरको सङ्ख्या धेरै रहेको

पाइए पनि घरमा नबसेका वा भाडामा दिएको अवस्था रहेको छ । यस टोलमा रहेका गुरुङहरूको घरमा अधिकांश व्यक्तिहरू विदेशमा रहेको पाइयो भने पुर्ख्यौली थलो भएकोले बढि मात्रामा ब्राहमण र क्षेत्रीको बाहुल्यता रहेको पाइयो ।

## ४.५ पारिवारीक संरचना

मानिस परिवारमा बस्दछ । परिवारको माध्यमबाट नै व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्दछ । परिवारबाट व्यक्तिले माया ममता, सुरक्षा र अवसर प्राप्त गर्दछ । परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रत्यक्ष परोक्ष प्रभाव पारेको हुन्छ । परिवारको संरचनालाई दुई किसिमले विभाजन गर्न सकिन्छ । एकल परिवार र संयुक्त परिवार । एकल परिवार भन्नाले बाबु आमा, छोरा छोरीहरू एकै घरको छानामुनी बसोबास गर्नुलाई बुझाउँछ भने संयुक्त परिवार भन्नाले तीन पुस्ता वा सासु ससुरा, श्रीमान श्रीमती र तीनका छोरा छोरी, देवर जेठाजु, नन्द आमाजु आदि सबै एउटै घरको छानामुनी एकै भान्छामा खानपिन गर्नुलाई बुझाउँदछ । यस अध्ययन क्षेत्रमा एकल र संयुक्त किसिमको परिवारको संरचना रहेका छन् । जसलाई चित्र नं. ४.२ मा देखाइएको छ ।

**चित्र ४.२ पारिवारीक संरचना**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*


चित्र ४.२ अनुसार यस अध्ययनबाट ६० जना उत्तरदाताहरूको पारिवारिक संरचनालाई हेर्दा ३५ जना वा ५८ प्रतिशत एकल परिवारमा बस्दछन् र २५ जना वा ४२ प्रतिशत संयुक्त

परिवारमा बस्ने देखिन्छ । जसमा एकल परिवार हुने उत्तरदाताहरू बढी देखिन्छ । आधुनिक सोंच, पैतृक सम्पत्तिको बाँडफाँड, रोजगारी लगायतका अवसरहरु पारिवारिक समस्या ( देउरानी जेठानीको झगडा) आदि कारणले गर्दा एकल परिवारमा बस्ने उत्तरदाताहरु बढि रहेको पाइन्छ ।

## ४.६ बसाई सराईको अवस्था र महिला

एक ठाँउबाट अर्को स्थानमा अस्थाई वा स्थायी रूपमा गई बसोबास गर्नुलाई बसाई सराई भनिन्छ । बसाई सराईले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । पुरानो ठाँउ छोडेर नयाँ ठाँउमा आफू अनुकूलन हुन व्यक्तिलाई समय लाग्छ भने नयाँ ठाँउको रहन सहन बुझ्न र सोही अनुसार चल्न र व्यवहार आदान प्रदान गर्न पनि समय लाग्ने हुन्छ । त्यसैले बसाई सराईले व्यक्तिको सामाजिक र आर्थिक कृयाकलापमा संलग्न हुनका लागि र आफ्नो विकासका लागि ठूलो भूमिका खेलेको हुन्छ । चित्र ४.३ बाट उत्तरदाता महिलाहरूको बसाई सराईको अवस्थाका वारेमा बुझ्न सकिन्छ ।

**चित्र ४.३ बसाई सराईको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ४.३ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूमध्ये ३५ प्रतिशत महिलाहरू अन्यत्रबाट बसाई सराई गरेर आएका परिवार अन्तर्गत छन् भने ६५ प्रतिशत महिलाहरू

पुर्खौली देखि नै यही बस्दै आएका परिवारमा छन् । जसमा पुर्खौली देखि बस्दै आएका परिवारका महिलाहरूको सङ्ख्या बढी रहेको देखिन्छ ।

## ४.७ वैवाहिक उमेरको अवस्था

महिलाको वैवाहिक आधारलाई हर्दा ६० जना महिलाहरू नै विवाहित महिला रहेका छन् । विवाह हुँदाको उमेरले पनि महिलाको जीवनमा ठूलो प्रभाव पार्ने गर्छ । परिपक्क भएर विवाह गर्दा महिलाहरूमा निर्णय गर्ने क्षमता उच्च रहन्छ । जसको कारण महिलाहरूले कुन समयमा के गर्ने भनी समय र भूमिकालाई व्यवस्थापन गर्न सक्छन् । सानो उमेरमा विवाह हुँदा महिलाहरूको शिक्षा र रोजगारमा असर पर्ने हुन्छ र विकासमा प्रभाव पार्दछ । नेपालको कानुनमा पुरुषको २१ वर्ष र महिलाको १८ वर्ष विवाहको उमेर तोकेको छ । तर पनि कानुन विपरित सानो उमेरमा छोरीको विवाह गरिदिने प्रचलन नेपाली समाजमा रही आएको छ । तर पनि सानो उमेरमा विवाह गरेका र गरिदिने अभिभावकलाई कुनै कानुनी कार्वाही भएको देखिँदैन् । नेपाली समाजमा विभिन्न धार्मिक तथा सांस्कृतिक मान्यताका आडमा महिलाहरूमाथि अन्याय भएको पाइन्छ । विवाह पश्चात महिलाले छोरी हुँदा जस्तो माया र स्वतन्त्र पाउन सक्दिन । आफ्नो जीवनमा आफ्नो लागि आफै निर्णय गर्न पाउँदिन र सम्पूर्ण रूपमा श्रीमानमा निर्भर पर्नु पर्ने हुन्छ (गुरुङ, २००७) । तालिका ४.४ मा महिलाहरूको वैवाहिक उमेर देखाउन सकिन्छ ।

**तालिका ४.४ वैवाहिक उमेरको अवस्था**

| उत्तरदाताको वैवाहिक उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५–२० | ४४ | ७३ |
| २०–२५ | १२ | २० |
| २५–३० | ४ | ७ |
| ३० माथि | ० | ० |
| जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.४ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये १५ देखि २० वर्षभित्र विवाह भईसकेका महिला ४४ जना (७३%) भएको देखिन्छ भने २० देखि २५ वर्षमा विवाह भएका १२ जना (२०%), २५ देखि ३० वर्षमा विवाह भएका महिला ४ जना (७%), रहेको

देखिन्छ । ३० वर्ष र सो भन्दा माथि विवाह हुने महिला कत्ति पनि देखिदैन । पितृसत्तात्मक सामाजिक मूल्य मान्यताले महिलाको सानै उमेरमा विवाह भएको देखिन्छ ।  जसको कारण महिलालाई आत्मानिर्भर बन्न र व्यक्तित्व विकास गर्नमा श्रीमान र परिवारबाट सहयोग हुन सके मात्र सम्भव हुन्छ । यो अवस्था महिला विकासका लागि वाधकका रूपमा रहेको छ । जिम्मेवारी पुरा गरिदिने/गर्ने सोंच (छोरीको छिटो विवाहको कारण), राम्रो घरपरिवारले माग्न आयो भन्दै विवाह गरिदिने, सोल्टाको सोल्टीनिसँग विवाह गर्ने प्रचलन, रुढीवादी सोंच आदिले बहुसंख्यक महिलाहरुको छिटो विवाह भएको देखिन्छ ।

# अध्याय पाँच

# महिलाहरूको सामाजिक-अर्थिक सहभागिता

पुरुषप्रधान समाज भएको कारणले नेपाली समाजमा आर्थिक स्रोत साधनमाथि महिलाको पहुँच र नियन्त्रण कम रहेको छ । घर परिवारभित्रका आर्थिक क्रियाकलापहरू महिलाहरूले गर्ने गरेको पाइन्छ भने घरभन्दा बाहिर गएर गर्नुपर्ने कार्यहरू प्रायः पुरुषहरूले गर्ने गर्दछन् । नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषिसम्बन्धी क्रियाकलाप र पशुपालनमा महिलाहरूको भूमिका अत्यधिक रहने गरेको छ । तर महिलाहरूले गर्ने अधिकांश आर्थिक क्रियाकलाप अवैतनिक र निर्वाहमुखी हुने भएकाले राष्ट्रिय आयमा उनीहरूको श्रीमानलाई गणना गर्न सकिएको अवस्था छैन (अर्याल, २०५९) ।

लैङ्गिक दृष्टिकोणबाट आर्थिक स्रोत साधनमा लामो समयदेखि असमान वितरण हुँदा महिलाहरू विकासको वृहत्तर प्रक्रियामा सहभागी हुन र योगदान पुऱ्याउन पुरुषहरू सरह सक्षम छैनन् । शिक्षा र रोजागरीमा बृद्धि भएको कारण महिलाको आर्थिक सशक्तिकरणको क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि विभेदकारी मान्यता र व्यवहारका कारण परिवर्तनको गति भने ज्यादै ढिलो छ । आर्थिक र वित्तीय स्रोत साधन र अवसरको वितरण गर्ने तहको निर्णय गर्ने स्थानमा महिलाहरूको उपस्थिति नभएको कारणले पनि महिला असमानता कायम रहन भूमिका खेलिरहेको छ र समाज विकासमा प्रभाव पारेको छ (आचार्य, २०६१) ।

## ५.१ महिलाको पेशागत संलग्नता

पेशाले कुनै पनि व्यक्तिको आर्थिक र सामाजिक स्तरलाई निर्धारण गर्दछ । पेशाले नै घरपरिवारको जीवन स्तर वृद्धि गर्न मद्दत गर्दछ । पेशा तथा आम्दानीले व्यक्तिको आर्थिक स्तरलाई जनाउँछ । आर्थिक क्रियाकलापमा लागेका महिलाहरूको आत्माबल बढ्छ र निर्णय प्रक्रियामा बढी सक्रिय हुन्छन् । पेशामा संलग्न महिलाहरू आत्मा निर्भर हुने हुँदा आश्रित जनसङ्ख्याको दर कम हुने र विकास दीगो हुन्छ । त्यसैले दीगो विकासका लागि महिला विकास र महिलाको विकासका लागि महिलाहरूलाई बढी भन्दा बढी पेशा व्यवसायमा संलग्न गराउने वातावरण हुन जरुरी छ (थापा, २००८) । तालिका नं. ५.१ मा उत्तरदाताको मूख्य पेशालाई देखाइएको छ ।

**तालिका ५.१ महिलाको पेशागत विवरण**

| पेशा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | ४० | ६७ |
| व्यापार | ८ | १४ |
| नोकरी | ६ | १० |
| कृषि | २ | ३ |
| समाजसेवा | २ | ३ |
| विद्यार्थी | २ | ३ |
| जम्मा | ६० | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका नं. ५.१ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको पेशालाई हेर्दा ४० जना (६७%) गृहिणी उत्तरदाता भएको देखिन्छ । त्यसैगरी व्यापारी ८ जना (१४%), नोकरीमा ६ जना (१०%), कृषिमा २ जना (३%), समाजसेवामा २ जना (३%) र विद्यार्थी २ जना (३%) महिला संलग्न रहेको देखिन्छ । सबै भन्दा धेरै महिलाहरू घरभित्रको कार्यमा व्यस्त रहेको देखियो । व्यापार तथा नोकरीमा संलग्न महिलाहरू कम रहेका छन् भने शहरी समाज भएको हुनाले कृषिमा संलग्न महिलाहरू पनि कम रहेका छन् । पोखरा महानगरपालिका भित्रको क्षेत्र भएता पनि धेरै सङ्ख्यामा महिलाहरू आर्थिक रूपले श्रीमान माथि निर्भर छन् ।

## ५.२ पारिवारीक आम्दानीको अवस्था

परिवारमा आम्दानीको स्रोत परिवार अनुसार फरक फरक हुन्छ । किनभने कुनै परिवारमा सरकारी एवं अन्य नोकरीबाट परिवार संचालन गरेको हुन्छ । भने कसै कसैको व्यापार, वैदेशिक रोजगार, कृषि, पशुपालन तथा ज्यालामजदुरी आदि परिवारमा आम्दानीको स्रोत रहेको हुन्छ (पन्त, २०६१) । यस अध्ययन क्षेत्रका उत्तरदाताहरूको परिवारमा आम्दानिको अवस्थालाई चित्र ५.१ मा प्रस्तुत गरिएको छ ।

**चित्र ५.१ पारिवारीक आम्दानीको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.१ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको परिवारको आम्दानीको स्रोतलाई हेर्दा २२ जना (३७%) को नोकरी भएको देखिन्छ। त्यसैगरी कृषि २ जना (३%), व्यापार २० जना (३३%), र वैदेशिक रोजगार १६ जना (२७%) रहेको देखिन्छ । सबै भन्दा धेरै महिलाहरूको परिवारमा आम्दानीको स्रोत नोकरी रहेको देखियो। रोजगारी, व्यापार, नोकरी आदिको अवसर बढि प्राप्त भएको, पोखरा जस्तो सुविधायुक्त सहर भएकोले कृषि पेशामा लाग्नेहरुको संख्या कम रहेको पाइन्छ।

## ५.३ सामाजिक तथा सहकारी संस्थामा संलग्नताको अवस्था

हाम्रो समाजमा तुलनात्मक रूपमा सामाजिक क्रियाकलापमा महिलाहरूको सहभागिता न्यून रूपमा रहेको पाईन्छ । महिलाहरू अगाडि सरेर घर बाहिरको कार्य गर्दा 'मुख छँदा छँदै नाकले पानी खाने' जस्ता उखान प्रयोग गर्ने प्रचलन अझै पनि रही आएको छ। घरमूलिको रूपमा अझै पनि पुरुषलाई नै मान्ने र समाजका विभिन्न सामाजिक गतिविधिमा पुरुषको उपस्थितिका लागि निमन्त्रणा पठाउने परम्परा रही आएको छ। यस बाट के बुझिन्छ भने जुनसुकै घर बाहिरका कार्यमा समाजले पुरुषको उपस्थितिको अपेक्षा गरेको हुन्छ। जसले गर्दा महिलाहरूको समाजमा पहुच र नियन्त्रण हुन सक्दैन र महिलाहरू सामाजिक रूपमा पछाडि पर्दछन् (भद्रा, २०६०) । तालिका नं. ५.२ बाट अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक तथा सहकारी संस्थामा संलग्नताको अवस्था देख्न सकिन्छ।

**तालिका ५.२ सामाजिक तथा सहकारी संस्थामा संलग्नताको अवस्था**

| सामाजिक संस्थामा आवद्ध | सङ्ख्या | प्रतिशत | सहकारीमा आवद्ध | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| छु | २८ | ४७ | छु | ३५ | ५८ |
| छैन | ३२ | ५३ | छैन | २५ | ४२ |
| जम्मा | ६० | १०० | जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका नं. ५.२ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २८ जना अथवा ४७ प्रतिशत महिलाहरू विभिन्न किसिमका सामाजिक संघ संस्थामा आवद्ध भएको देखियो भने ३२ जना अथवा ५३ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक संघ संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सामाजिक संघ संस्थामा आवद्ध भएका भन्दा नभएकाको सङ्ख्या बढि रहेका छन् । त्यसैगरी कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ३५ जना अथवा ५८ प्रतिशत महिलाहरू सहकारी संस्थामा सदस्य भएको देखियो भने २५ जना अथवा ४२ प्रतिशत महिलाहरू कुनै पनि सहकारी संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सहकारी संस्थामा आवद्ध नभएका भन्दा भएकाको सङ्ख्या बढि रहेका छन् ।

**वैयक्तिक अध्ययन १**

*म ४५ वर्षकी ५ पास गरेकी ब्राह्मण परिवारकी एक गृहिणी महिला हुँ । म ४ जना छोराछोरीकी आमा मेरो श्रीमानले चलाउदै आएको फर्निचर व्यवसायलाई मेरो जिम्मामा छाडी श्रीमान घरजग्गा खरिद बिक्रि व्यवसायमा लागे पछि केही बर्ष आफै संचालन गरैं । तर घरको अन्य कामको बोझ र ४ जना छोरा छोरीको हेरविचार आफै गर्नुपर्दा फर्निचर संचालन गर्न अप्ठ्यारो परेर राम्रो आम्दानी हुँदा हुदै पनि सो काम छाडी घरपरिवारलाई सम्पूर्ण समय दिन थाले । श्रीमानले पनि घरमा सहयोग गरिदिएको भए मैले त्यो व्यवसाय छाड्न पर्ने थिएन । अहिले छोराछारी हुर्किए तर उमेर पनि गयो, शरीर पनि कमजोर भयो र नयाँ काम पनि गर्ने आँट पनि छैन । पहिला व्यवहार गर्दा ऋण धन सबै आफ्नै हातमा हुन्थ्यो, आफ्नै कमाईले बाचेकी छु भनेर आनन्द लाग्थ्यो । त्यो बेला अरुलाई आर्थिक सहयोग पनि गर्न सकिन्थ्यो । आफ्नो कमाई जसरी श्रीमानको कमाइले मनलाग्दो खर्च गर्न सकिँदैन । अहिले त श्रीमानले घरखर्च गर्न दिएको पैसालाई केहि बचाएर मन लाग्ने ठाउँमा खर्च गर्छु । बाउ त बारको काठ हो जता गएर पनि पेशा व्यासाय चलाउन सक्छ तर आमा भएका नाताले इच्छा चाहना र क्षमता हुँदाहुदै पनि घरप्रति र छोरा छोरी प्रति बढी जिम्मेवारी बोध हुने रहेछ र इच्छा चाहनालाई खुम्चाउन पर्दो रहेछ । श्रीमानको घरका काममा सहयोग रहेको भए सायद मैले व्यवसाय छाडने थिइन । अहिले श्रीमानको सोंचमा केही परिवर्तन आएको छ उहाँले नै सहकारीमा सदस्य बनाइदिनु भएको छ । समय मिलाएर कहिले सहकारीको बैठक र कार्यक्रम र कहिले आमा समूहका कार्यक्रमहरुमा जान्छु । अहिले पनि घरमा खाना पकाउने, सरसफाई, करेसाबारीका काम आँफैले गर्नुपर्छ । महिलालाई घरबाहिर पनि गएर अन्य काम गर्न श्रीमानको साथ र सहयोग चाहिन्छ । अहिले केही मात्रामा महिलाहरु पनि सामाजिक काममा लाग्नु पर्छ भन्ने चेतनाको विकास भएको पाएकी छु ।*

## ५.४ सामाजिक तथा सहकारी संस्थामा नलाग्नुको कारण

अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक तथा सहकारी संस्थामा कम सहभागिता रहेको देखिन्छ । जसमा पनि कूल ६० जना महिलाहरू मध्येमा ३२ जना अथवा ५३ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक संस्थामा आवद्ध नभएको देखिन्छ । संगठित भएर गरेको सामाजिक कार्यले दीगोपन प्रदान गर्ने हुँदा समाजमा विभिन्न संस्था मार्फत कार्य गर्ने परिपाटीको विकास भएको पाईन्छ । महिलाहरू सामाजिक संस्थाहरूमा आवद्ध हुँदा विभिन्न किसिमका तालिम तथा कार्यक्रमहरूमा समावेश हुने अवसर प्राप्त हुन्छ । जसले गर्दा नेतृत्व तथा व्यक्तित्व विकास भई महिलाहरूले अन्य क्षेत्रमा पनि अहम् भूमिका निर्भाह गर्न सक्ने हुन्छन् । अध्ययन क्षेत्रका महिलाहरू जुन कुनै पनि प्रकारका सामाजिक तथा सहकारी संस्थाहरूमा आवद्ध छैनन् तिनिहरू सामाजिक तथा सहकारी संस्थामा नलाग्नाको कारण तालिका नं. ५.३ बाट प्रस्ट हुन्छ ।

**तालिका ५.३ सामाजिक तथा सहकारी संस्थामा नलाग्नुको कारण**

| सामाजिक संस्थामा नलाग्नाको कारण | सङ्ख्या | प्रतिशत | सहकारीमा नलाग्नाको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| बसाई सराई भएर आएकाले | ८ | २५ | आफ्नो आम्दानी नभएर | ९ | ३६ |
| नभ्याएर | १८ | ५६.२५ | श्रीमान सदस्य भएर | ८ | ३२ |
| शिक्षा नभएर | २ | ६.२५ | कसैले नभनेर | ५ | २० |
| बढी उमेर भएर | २ | ६.२५ | यत्तिकै | ३ | १२ |
| जम्मा | ३२ | १०० | जम्मा | २५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका नं. ५.३ अनुसार सामाजिक संस्थामा नलागेका कूल ३२ जना उत्तरदाता महिलाहरू मध्ये ८ जना अथवा २५ प्रतिशत महिलाहरू बसाई सराई भएर आएकाले, १८ जना अथवा ५६.२५ प्रतिशत नभ्याएर, २ जना वा ६.२५ प्रतिशत शिक्षा नभएर र २ जना वा ६.२५ प्रतिशत बढी उमेर भएर महिलाहरू कुनै पनि सामाजिक संघ संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सामाजिक संघ संस्थामा आवद्ध नहुनुको कारण बसाई सराई भएर आएकाले थाहा नपाएर भन्नेको सङ्ख्या सबैभन्दा बढि रहेको छ । त्यसैगरी सहकारी

संस्थामा नलागेका कूल २५ जना उत्तरदाता महिलाहरू मध्ये ९ जना अथवा ३६ प्रतिशत महिलाहरू आफ्नो आम्दानी नभएर, ८ जना अथवा ३२ प्रतिशत श्रीमान सहकारीको सदस्य भएर, ५ जना वा २० प्रतिशत कसैले नभनेर र ३ जना वा १२ प्रतिशत यत्तिकै महिलाहरू कुनै पनि सहकारी संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सहकारी संस्थामा आवद्ध नहुनुको कारण आफ्नो आम्दानी नभएर भन्नेको सङ्ख्या सबैभन्दा बढि रहेको छ ।

**वैयक्तिक अध्ययन २**

*म २४ वर्षकी जनजाती परिवारकी बुहारी हुँ । म संयुक्त परिवारमा बस्ने गृहिणी महिला हुँ । मेरो श्रीमान वैदेशिक रोजगारका शिलशिलामा विदेशमा हुनुहुन्छ । १८ वर्षको उमेरमा मेरो प्रेम विवाह भएको हो । वि.एड पढ्दा पढ्दै बच्चा जन्मेकाले मैलै मेरो पढाई बिचैमा छाड्नु पर्‍यो । अहिले छोरी साढे दुई वर्षकी भइन । अब छोरी स्कुल जान थाले पछि घरपरिवारको अनुमति पाएँ भने कुनै सीपमूलक काम गर्नुपर्ला भन्ने सोच बनाएकी छु । कुनै आम्दानीमूलक काम गरेर आफ्नो खुट्टामा उभिने इच्छा छ । अहिले पनि घरबाट वातावरण पाएको भए केही गर्ने थिए होला । मैले देखेका र हाम्रो परिवारभित्र बुहारीले परिवारको सल्लाह बेगर आफै निर्णय गरेर काम गर्ने संस्कार छैन । त्यसैले पनि म त्यो विपरित जान सकिन । घरको आर्थिक अवस्था राम्रै छ तर आफ्नै कमाई भए जसरी आफुलाई मन लागेको कुरामा खर्च गर्न भने पाइदैन । यो विषय सँधै खडकिरहन्छ । हाम्रो समाजमा श्रीमानहरुले घरबाहिर गएर कमाएर ल्याउने र महिलाहरुले घरव्यवहार संहाल्ने प्रचलन रहेको छ । त्यसैले पनि हामी महिलाहरुले घर समाजमा कतिपय निर्णहरु गरेर आफै केही गर्न सक्ने अवस्था रहदैन । समाजका सामाजिक कार्यहरुमा पनि पहिल्यै देखि ससुरा बा र सासुआमा हिडिराख्ने हुनाले म हिड्ने गरेकी छैन् । घरमा बच्चाको स्याहारसुसार गर्ने, खाना बनाउने, सरसफाई गर्ने लगाएतका काम गर्दा व्यस्त नै भइन्छ । हाम्रो पितृसतात्मक समाज भएको र महिलाहरुले बच्चा जन्माउने हुर्काउनु पर्नाले पुरुष जसरी महिलाहरु अन्य काममा लाग्न समस्या पर्दो रहेछ । सरकारले महिलाका लागि विभिन्न कायर्कम ल्याएको भए पनि आफुले बुझेर मात्र नहुँदो रहेछ । पुरुष र घरका आमाहरुलाई महिला अधिकारका कार्यक्रम ल्याए मात्र महिला हरुले आफ्ने अधिकार प्रयोग गर्न सकिन्थ्यो ।*

## ५.५ सामाजिक संस्था तथा सहकारी संस्थामा लाग्नुको उद्देश्य

अध्ययनमा सहभागी ६० जना उत्तरदाता मध्ये २८ जना महिलाहरू विभिन्न सामाजिक संस्थामा लागेको पाइयो भने ३५ जना महिलाहरू सरकारी संस्थामा लागेको भेटिन्छ । सामाजिक तथा सहकारी संस्थामा लाग्दा विभिन्न किसिमका सीपमूलक वा व्यक्तित्व विकास हुने, तालिम तथा अनुभवहरू आदानप्रदान गर्ने अवसर, व्यासायको लागि कर्जा प्राप्त हुन्छ । जसले महिलाहरूको आत्माबल बढ्छ र महिलाले सशक्त रूपमा समाजमा आफ्नो भूमिका निर्भाह गर्न सक्षम हुन्छन । त्यसैले यस अध्ययनमा सामाजिक तथा सहकारी संस्थामा लागेका महिलाहरूको संस्थामा आवद्धतालाई तालिक नं. ५.४ बाट प्रस्ट हुन्छ ।

**तालिका ५.४ सामाजिक तथा सामाजिक संस्थामा लाग्नुको उद्देश्य**

| सामाजिक संस्थामा लाग्नुको उद्देश्य | सङ्ख्या | प्रतिशत | सहकारी संस्थामा लाग्नुको उद्देश्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| समाजसेवा गर्न | ८ | २९ | बचत गर्न | ८ | २३ |
| छिमेकी तथा साथीले भनेर | ६ | २१.५० | श्रीमानले सदस्य बनाइदिएर | ७ | २० |
| नयाँ कुरा सिक्नका लागि | ४ | १४ | कर्जा पाइने भएर | १३ | ३७ |
| समयलाई सदुपयोग गर्न | ६ | २१.५० | छिमेकी तथा साथीले भनेर | ५ | १४ |
| यत्तिकै | ४ | १४ | यत्तिकै | २ | ६ |
| जम्मा | २८ | १०० | जम्मा | ३५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका नं. ५.४ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ८ जना अथवा २९ प्रतिशत महिलाहरू सामाजिक सेवा गर्न, ६ जना अथवा २१.५० प्रतिशत छिमेकी तथा साथीले भनेर, ४ जना अथवा १४ प्रतिशत नयाँ कुरा सिक्नका लागि, ६ जना अथवा २१.५० प्रतिशत बचेको समयलाई सदुपयोग गर्न र ४ जना अथवा १४ प्रतिशत यत्तिकै सामाजिक संस्थामा लागेको पाईयो । जसअनुसार सबैभन्दा बढी ८ जना महिला समाजसेवा गर्न सामाजिक संस्थामा लागेका र ४ जना महिला नयाँ कुरा सिक्नका लागिका लागेका र अन्य १६ जना महिलाहरू विना उद्देश्य सामाजिक संस्थाहरूमा लागेको देखिन्छ । जसबाट के प्रष्ट हुन्छ भने महिलाहरूलाई बिना चेतना जबरजस्ति सामाजिक संघ संस्थामा सदस्य बनाउदा पनि समाजले अपेक्षित लाभ लिन सक्दैन । त्यसैगरी सहकारी संस्थामा लागेका कूल ३५ जना उत्तरदाता महिलाहरू मध्ये ८ जना अथवा २३ प्रतिशत महिलाहरू बचत गर्न, ७ जना अथवा २० प्रतिशत श्रीमानले सदस्य बनाइदिएर, १३ जना अथवा ३७ प्रतिशत कर्जा पाइने भएर, ५ जना अथवा १४ प्रतिशत छिमेकी तथा साथीले भनेर र २ जना अथवा ६ प्रतिशत यत्तिकै सहकारी संस्थामा लागेको पाईयो । जसअनुसार सबैभन्दा बढी १३ जना महिला कर्जा पाइने भएर सहकारी संस्थामा लागेको पाइयो । जसबाट के प्रष्ट हुन्छ भने महिलाहरू पनि आर्थिक क्रियाकलापमा सहभागी हुन चाहन्छन् ।

## ५.६ सामाजिक तथा सहकारी संस्थामा सहभागीको उपलब्धी

कुनै पनि क्षेत्रमा भौतिक, आर्थिक तथा समयको लगानी भई सके पछि त्यस बाट केहि न केहि उपलब्धी अवश्य हुन आवश्यक छ । विविध उद्देश्यले स्थापित सहकारीमा पनि महिलाहरू सदस्य भएका छन् । समाजमा रहेका सामाजिक तथा सहकारी संस्थाहरूले राज्यका तथा गैर राज्यबाट धेरै थोरै महिलाहरूका नाममा आर्थिक सहयोग तथा राहत प्राप्त गरेका हुन्छन् । त्यसैगरी आफ्नो उद्देश्यमा महिला विकासमा टेवा पुऱ्याउने भनी उल्लेख गरेका हुन्छन् । जसबाट यहाँका सामाजिक तथा सहकारी संस्थामा लागेका महिलाहरूले प्राप्त गरेको उपलब्धीले यस क्षेत्रमा गरेको लगानीको प्रतिफलका रूपमा लिन सकिन्छ ।

**तालिका ५.५ सामाजिक तथा सहकारी संस्थामा सहभागीको उपलब्धी**

| सामाजिक संस्थामा लागेर गरेको अनुभव | सङ्ख्या | प्रतिशत | सहकारी संस्थामा लागेर गरेको उपलब्धी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| निर्धक्क सँग कुरा राख्न सकिने भयो | १० | ३६ | आर्थिक | ७ | २० |
| सीप सिकेर आम्दानी हुने भयो | – | – | शैक्षिक | ५ | १४ |
| नेतृत्व लिन सकिने भयो | ४ | १४ | राजनैतिक | – | – |
| केही पनि भएन | १४ | ५० | सामाजिक | ९ | २६ |
| अन्य | – | – | केही पनि भएन | १४ | ४० |
| जम्मा | २८ | १०० | जम्मा | ३५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*


तालिका नं. ५.५ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये १० जना अथवा ३६ प्रतिशत महिलाहरू आफ्नो कुरा निर्धक्क सँग राख्न सक्षम, ४ जना अथवा १४ प्रतिशत नेतृत्व लिन सक्षम, १४ जना वा ५० प्रतिशत केही पनि नभएको पाईयो । महिलाहरू सामाजिक संघ संस्थामा आवद्ध भएर पनि केहि पनि भएन भन्नेको सङ्ख्या १४ वा ५० प्रतिशत देखिन्छ । महिलाहरुले सामाजिक संघ संस्थामा लागेर पनि कुनै अवसर प्राप्त नहुनुको कारण सामाजिक संघ संस्थामा उनीहरुको कम सक्रियता रहेको पाइन्छ । सहकारी संस्थामा लागेका कूल ३५ जना उत्तरदाता महिलाहरू मध्ये ७ जना अथवा २० प्रतिशत महिलाहरू आर्थिक फाइदा भएको, ५ जना अथवा १४ प्रतिशतलाई

शैक्षिक फाइदा भएको, ९ जना वा २६ प्रतिशतलाई सामाजिक फाइदा भएको । त्यस्तै १४ जना अथवा ४० प्रतिशतलाई केही पनि नभएको पाईयो । जसबाट महिलाहरू सहकारी संस्थामा लागेर पनि केहि पनि नभएको सङ्ख्या १४ वा ४० प्रतिशत देखियो । सहकारी संस्थामा लागेर पनि केही उपलब्धी नहुनुको कारण उनीहरुले सहकारीबाट प्राप्त सुविधाहरु (जस्तै : ऋण) पर्याप्त मात्रामा नलिएको पाइन्छ । जसअनुसार महिलाहरू सहकारीमा लागेर पनि अपेक्षाकृत प्रतिफल प्रात्त हुन नसकेको देखिन्छ । सहकारी संस्थामा आवद्ध महिलाहरूलाई पनि विभिन्न चेतनामूलक कार्यक्रमहरू ल्याई अझ सशक्त र जागरुक बनाई स्वाबलम्बन बनाउन आवश्यक देखिन्छ ।

## ५.७ नेतृत्व विकास र महिला

कुनै जिम्मेवारी लिएर काम गर्दा आत्माबल बढ्नुका साथै नेतृत्व विकास हुन्छ ।सामाजिक क्षेत्रमा नेतृत्वमा रहेर काम गर्दा चुनौती त हुन्छ नै साथसाथै व्यक्तित्व विकास भई सक्षम र सबल बन्न सहयोग पुग्दछ । महिला विकासका लागि पनि नेतृत्वपूर्ण भूमिका अति आवश्यक छ । अनुभवले जीवनको बहुपक्षीय विकासमा सघाउ पुग्दछ । अध्ययन क्षेत्रका सामाजिक क्षेत्रमा लागेका महिलाहरूले संयोजक भएर नेतृत्वपूर्ण भूमिका निर्वाह गरेकोबाट उनिहरूको व्यक्तित्व एवं नेतृत्व विकासमा उपलब्धी हासिल हुन गएको देखिन्छ । जुन अवस्था चित्र नं. ५.२ मा देखाइएको छ ।

**चित्र ५.२ सामाजिक क्षेत्रमा नेतृत्वको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.२ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ७ जना अथवा २५ प्रतिशत महिलाहरूले सामाजिक क्षेत्रमा संयोजक भएर काम गरेको पाईयो भने २१ जना अथवा ७५ प्रतिशत महिलाहरूले सामाजिक क्षेत्रमा संयोजक भएर काम नगरेको पाईयो । जसको कारण शिक्षाको कमी, पारिवारिक व्यवस्था आदि देखिन्छ । महिलाहरू सामाजिक क्षेत्रमा लागेर पनि कुनै नेतृत्व लिई काम नगरेको वा लिन नपाएको देखिन्छ । महिलाहरूलाई नेतृत्वदायी भूमिकामा ल्याउन विभिन्न पहल कदमी चाल्न आवश्यक देखिन्छ ।


**वैयक्तिक अध्ययन ३**

*म एक क्षेत्री परिवारकी ४७ वर्षकी साक्षर महिला हुँ । मेरो श्रीमान भारतीय सेनामा हुनुहुन्छ । म गृहिणी हुँ । श्रीमान घर नहुँदा बालबच्चा हुर्काउने र घर व्यवहार चलाउने सम्पूर्ण जिम्मा मेरो भएकाले अन्य काम गर्न सक्ने अवस्था रहेन । गाउमा छँदा त खेतीपाती लगाउने काम गरिन्थ्यो । मेरो पुर्ख्यौली घर माछापुच्छ्रे गाउँपालिकामा हो । हाल हामी उक्त ठाउँबाट बसाई सरी यहाँ आएका हौं । पोखरा झरेपछि त खेती गर्ने जग्गा समेत छैन । अन्य काम गर्ने कुनै सीप र ज्ञान र लगानी पनि छैन् । प्रकृतिले हामीलाई आमा बनाइदिएको छ । त्यसैले छोराछोरीको हेरविचार गर्नुपर्ने हुँदा हामी महिलाहरु पुरुष सरह छोराछोरी छोडेर टाढा गएर काम गर्न सक्दैनौ । सरकारले हाम्रा लागी बिकासका कार्यक्रम ल्याए पनि घरको काम अलपत्र छोडेर कतै जान मिलेन । मेरा दुइटा छोराहरु मात्र भएकाले घरको काम सघाउने मान्छे छैनन् । मेरो घर वरीपरिका केही महिला दिदीबहिनीहरु विभिन्न सामाजिक संघसंस्था तथा सहकारी संस्थामा लागेर नेतृत्व विकास गरेको साथै आर्थिक सहायता समेत पाएको कुरा सुनेकी छु । तसर्थ अब श्रीमान पेन्शन आए पछि भने फुर्सदको समयमा आमा समूहमा लाग्नुपर्ला भन्ने सोंचेकी छु ।*

## ५.८ संस्थागत वैठकमा महिला क्रियाशिलता

महिलाहरू घरको सिमित घेराबाट बाहिर निस्केर कुनै पनि क्षेत्रमा आफ्नो उपस्थिति जनाउनु पनि सकरात्मक पक्ष हो । यद्यपि यो पर्याप्त होइन । दीगो विकासका लागि प्रभावकारी सहभागिता हुनु अनिवार्य मानिन्छ । कुनै पनि बैठकमा उपस्थिति जनाउँदैमा मात्र महिलाहरूको अपेक्षाकृत विकास भएको हुदैन । महिलाको विकास त तब भएको मानिन्छ जब उनिहरूले कुनै पनि विषयमा ठीक बेठिक भनेर आफ्नो राय राख्न सक्छन् (भण्डारी, २०६६) । चित्र नं. ५.३ मा अध्ययन क्षेत्रको सामाजिक संस्थामा आबद्ध महिलाहरूको संस्थागत वैठकमा क्रियाशिलतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**चित्र ५.३ संस्थागत बैठकमा महिला क्रियाशिलता**





*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.३ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ११ जना अथवा ३९.२८ प्रतिशत महिलाहरूले बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने गरेको पाईयो भने १७ जना अथवा ६०.७२ प्रतिशत महिलाहरूले बैठकमा ठीक बेठीक भनेर आफ्नो राय नराखेको पाईयो । जसअनुसार बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने महिलाहरू भन्दा नराख्ने महिलाहरूको सङ्ख्या बढी रहेको पाइयो । सामाजिक क्षेत्रमा लागेका महिलाहरूमा पनि आत्मा विकास हुन नसकेको देखिन्छ । उपस्थितिले मात्र महिलाहरूको अपेक्षाकृत विकास हुन सक्दैन । महिला विकासका लागि प्रभावकारी सहभागिता हुन आवश्यकता छ । अझै पनि शहरी क्षेत्रका धेरै महिलाहरूमा समेत संस्थागत वैठकमा क्रियाशिलता कमी नै रहेको देखिन्छ ।

## ५.९ सामाजिक कार्यमा लैंगिकताका कारण असहजताको अवस्था

परम्पराबादी सोचाई र आधुनिक एवं बैज्ञानिक सोचाई बीचको द्वन्द्वबाट नेपाली समाज अगाडि बढिरहेको छ । पितृसतात्मक सामाजिक संरचना भएको नेपाली समाजमा महिलाहरू महिला भएकै कारणले समाजका विभिन्न गतिविधिहरूमा सक्रियरूपमा अग्रपंक्तिमा रहेको पाईदैन । यद्यपि पछिल्लो समयमा एकाध महिलाहरू अगाडि बढेको देखिन्छ । ज्ञानको तथा अनुभवको अभाव, पुरुषवादी सोच आदीले लिङ्गको आधारमा विभेद भएको पाईन्छ र महिलाहरूलाई पनि महिलामैत्री वातावरण रहेको पाईदैन (भद्रा, २०६०) । अध्ययन क्षेत्रका सामाजिक संस्थामा आवद्ध महिलाहरूले आफ्नो संस्थामा कस्तो महशुस गर्नु परेको अवस्था चित्र नं. ५.४ बाट प्रष्ट हुन्छ ।

**चित्र ५.४ सामाजिक कार्यमा लैंगिकताका कारण असहजताको अवस्था**





*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.४ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ५ जना अथवा १७.८५ प्रतिशत महिलाहरूले आफ्नो संस्थाको सामाजिक कार्यमा असहज महशुस गनुपर्ने अवस्था छ भनेका र २३ जना अथवा ८२.१५ प्रतिशत महिलाहरूले आफ्नो संस्थाको सामाजिक कार्यमा असहज महशुस गनुपर्ने अवस्था छैन भन्ने पाईयो । जसअनुसार महिलाहरू सामाजिक क्षेत्रमा असहज महशुस नभएकाको सङ्ख्या धेरै रहेको पाइयो । सोबाट सामाजिक क्षेत्रमा महिलामैत्री वातावरण सृजना भएको पाईन्छ । र पनि लिङ्गको आधारमा अशहज महशुस हुनु विकासको वाधक हो ।

## ५.१० सामाजिक संस्थामा लैंगिक विभेदको अवस्था

समाजमा महिला र पुरुष बीच धेरै वा थोरै भेद्भावको अवस्था रहेको छ । महिलाहरू विभेदको शिकार भएका छन् र पुरुष सरह समाजका विभिन्न पक्षमा आफ्नो उपस्थिति देखाउन सकेका छैनन् । समाजमा महिलाहरू पछाडि रहेका कारण सन्तुलित विकास हुन सकेको छैन (भद्रा, २०६०) । समाजमा विकास गर्ने उद्देश्यले स्थापित सामाजिक संस्थामा लागेका महिलाहरूको अनुभवमा आफ्नो संस्थामा महिला र पुरुष बीच भेद्भावको अवस्था कस्तो छ चित्र नं. ५.५ बाट देख्न सकिन्छ ।

**चित्र ५.५ सामाजिक संस्थामा लैंगिक विभेदको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.५ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये १९ जना अथवा ६७.८५ प्रतिशत महिलाहरूले आफ्नो संस्थामा महिला र पुरुष बीच भेदभाव हुन्छ भनेका र ९ जना अथवा ३२.१५ प्रतिशत महिलाहरूले आफ्नो  संस्थामा महिला र पुरुष बीच भेदभाव हुदैन भन्ने पाईयो । जसअनुसार सामाजिक क्षेत्रमा महिला र पुरुष बीच भेदभावको अवस्था रहेको सङ्ख्या धेरै भएको पाइयो । पितृसत्तात्मक सोंच हावी भएको समाज भएकाले सोबाट सामाजिक संस्थाहरूमा पनि महिला र पुरुष बीच भेद्भावको अवस्था हुनाले अझ लैङ्गिक विभेद विरुद्ध सशक्तरूपमा लाग्नुपर्ने देखिन्छ ।

## ५.११ सामाजिक काममा पारिवारीक सहयोगको अवस्था

काममा सफलता प्राप्त गर्नका लागि पारिवारिक सहयोगको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली समाजमा घरयासी काम र बच्चाहरूको हेरचाह गर्ने काम पनि महिलाले संहालेका हुन्छन् । जसले गर्दा उनिहरूलाई सामाजिक काममा हिड्ने समय कम हुन्छ । परिवारबाट सहयोग भएन भने महिलालाई सामाजिक कार्यमा लाग्न समस्या पर्दछ (चौलागाई समेत, २०६०) । अध्ययन क्षेत्रमा रहेका महिलाहरूको सामाजिक काममा हिँडदा घर परिवारबाट सहयोग प्राप्तिको अवस्थाका तालिका नं. ५.६ बाट प्रष्ट हुन्छ ।

**तालिका ५.६ सामाजिक काममा पारिवारीक सहयोगको अवस्था**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सहयोग मिल्छ | ५ | ८.३३ |
| सहयोग मिल्दैन | १३ | २१.६७ |
| थोरै मात्रामा सहयोग मिल्छ | ४२ | ७० |
| जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.६ अनुसार सामाजिक काममा हिँड्दा परिवारबाट सहयोग प्राप्तिको अवस्था बुझ्दा कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ५ जना अथवा ८.३३ प्रतिशत महिलाहरूले आफ्नो परिवारबाट सामाजिक काममा सहयोग मिल्ने, १३ जना अथवा २१.६७ प्रतिशत नमल्िने र ४२ जना अथवा ७० प्रतिशत महिलाहरूको थोरै मात्रामा मिल्ने पाईयो । महिलाहरूलाई सामाजिक काममा हिँडदा परिवारबाट थोरै मात्रामा सहयोग मिल्छ भन्नेको सङ्ख्या धेरै रहेको पाइयो । जसबाट घरयासी काममा महिलाहरू अल्झिरारख्नुपर्ने पुरुषहरूले घरको काममा सहयोग नगर्ने देखिन्छ र सामाजिक काममा परिवारका पुरुषहरू नै अगाािड सर्नाले महिलाहरूलाई सामाजिक काम लाग्न समय नहुने देखिन्छ ।

**वैयक्तिक अध्ययन ४**

*म ६० वर्षकी महिला हुँ । म विगत १५ वर्षदेखि सक्रियरुपमा सामाजिक कार्यमा लागिरहेकी छु । यो क्षेत्रमा लाग्नु अघि म पूर्णरुपमा गृहिणी थिए । मेरो १३ वर्षको उमेरमा ३ कक्षा पढदा पढदै विवाह भएको थियो । मेरो श्रीमानले जागिर खानुहुन्थ्यो । अहिले हाम्रा ५ जना छोराछोरीहरु हुक्रिसकेका छन् । अब त सामाजिक काममा हिँड्न कुनै प्रकारको बाधा त छैन तर पुरुषहरु जसरी पुरुषहरु घरबाहिरका काममा हिड्न स्वतन्त्र छन् त्यसरी नै हामी महिलाहरु लाई स्वतन्त्र भने अझै छैन् । हामीहरु साँझमा घर फर्कन ढिला भए महिला मान्छे किन यति ढिलासम्म बाहिर बसेको भनी घरपरिवारबाट प्रश्न आउछ । उमेर छदां काम गर्ने आँट त थियो तर श्रीमान जागिर खान जानुपर्ने भएकाले बालबच्चा हुर्काउनु पर्ने कारण आम्दानीमूलक केही काम गर्न सकिन । घरपरिवारलाई यहां सम्म ल्याइपु-याउनमा श्रीमानका साथै मेरो पनि उत्तिकै हात छ र पनि श्रीमानको आफ्नो पेन्शन छ, म श्रीमानसँग सँधै मागेर हिँड्नुपर्दा आफ्नो कमाइअनुसार आफूखुसी गर्न त पाइँदैन् त्यसमा भने सदा नरमाइलो लागिरहन्छ । हाम्रो समाजमा पितृसतात्मक सोचले अझै जरा गाडेकै छ । अझै पनि हाम्रो घरमा घरको खाना पकाउने, सरसफाइका काम बुहारीहरुले नै गर्छन छोराहरुले गर्दैनन् । यो किसिमको भेदभाव नहटेसम्म अझै पनि छोरीहरु पुरुष सरह स्वतन्त्र भएर हिडन सक्ने अवस्था रहदैन । घरको काम र बालबच्चा हुर्काउने काम महिलाहरु कै हो भन्ने मानसिकता नहटेसम्म घर बाहिरका अन्य काम गर्ने महिलालाई पनि कामको दोहोरो बोझले सफलताका साथ अगाडि बढ्न बाधा रहन्छ । यो समस्यालाई हटाउन घरघरबाट जागरण ल्याउन आवश्यक छ ।*

### ५.१२ नेतृत्व विकासका लागि तालिम र महिला सहभागिता

व्यक्तित्व तथा नेतृत्व विकासका लागि जीवनमा तालिमको आवश्यकता पर्दछ । तालिमबाट व्यक्तिलाई दक्षता अभिवृद्धि, चेतनाको विकास, सशक्तीकरण भई आत्मा निर्भर समेत बन्नमा सहयोग पुग्दछ । विशेष गरी सामाजिक संस्था तथा सहकारी संस्थाहरूले यस्तो उद्देश्य राखेका हुन्छन् । अध्ययन क्षेत्रका महिलाहरूले कुनै प्रकारको तालिम लिएका छन् या छैनन् र लिएको भए कुन र कस्ता संस्थाबाट लिएका छन् तालिका ५.७ मार्फत प्रस्तुत गरिएको छ ।

**तलिका ५.७ तालिममा सहभागि उत्तरदाताको विवरण**

| तलिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कसबाट | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| लिएको | २२ | ३६.६६ | सामाजिक संस्था | ८ | ३६.३६ |
| नलिएको | ३८ | ६३.३३ | सहकारी संस्था | ६ | २७.२८ |
| अन्य | – | – | निजि | ८ | ३६.३६ |
| जम्मा | ६० | १०० | जम्मा | २२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*


तालिका ५.७ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २२ जना अथवा ३६.६६ प्रतिशत महिलाहरूले तालिम लिएको छ भन्नेको सङ्ख्या भएको देखियो भने ३८ जना अथवा ६३.३३ प्रतिशत महिलाहरूले कुनै पनि तालिम लिएको छैन भन्नेको सङ्ख्या भएको देखियो । त्यसैगरी तालिम लिएका कूल २२ जना उत्तरदाता महिलाहरू मध्य सामाजिक संघ संस्थाबाट ८ जना अथवा ३६.३६ प्रतिशतले सहकारी संस्थाबाट ६ जना अथवा २७.२८ प्रतिशतले र नीजि तवरले ८ जना अथवा ३६.३६ प्रतिशतले तालिम लिएको देखियो । जसअनुसार तालिम लिएकाको भन्दा तालिम नलिएकाको सङ्ख्या बढी रहेको छ ।

### ५.१३ महिला विकास सम्बन्धी राज्यको नीतिबारे जानकारी

विकासमा महिला सहभागिता नहुँदासम्म विकास दीगो हुन नसक्ने कुरालाई पछिल्लो समयमा राज्यले आत्मासात् गरेको छ । राज्यले महिला शसक्तीकरणका लागि विभिन्न

कार्यक्रमहरू गर्दै आएको पाईन्छ । महिलाहरूका लागि ल्याइएका कार्यक्रमका वारेमा स्वम् महिलाहरूलाई जानकारीको अवस्था वारे चित्र ५.६ ले प्रष्ट पार्छ ।

**चित्र ५.६ महिला विकास सम्बन्धी राज्यको नीतिबारे जानकारी**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र नं. ५.६ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूमा सरकारको समाज विकास प्रकृयामा महिलाको विशेष सहभागिताको नीति रहेको वारे थाहा छ या छैन भनी प्रश्न सोधिएको थियो जसमा थाहा छ भन्ने उत्तरदाता महिला ५२ जना अर्थात ८७ प्रतिशत रहेका र थाहा छैन भन्ने उत्तरदाता महिला ८ जना अर्थात १३ प्रतिशत रहेको देखिन्छ । यसबाट उनीहरूमा राज्यले महिला विकासका लागि लिएको नीतिवारे महिलाहरूलाई राम्रो जानकारी रहेको देखिन्छ । जसको कारण टि.भी., रेडियो, पत्रपत्रिका आदि र महिलाहरुको शिक्षाको अवस्थाले प्रभाव पारेको देखिन्छ ।

### ५.१४ आम्दानीको अवस्था र रकम

आम्दानीले व्यक्तिको आर्थिक र सामाजिक स्तरलाई निर्धारण गर्दछ । आम्दानीले नै घरपरिवारको जीवन स्तर वृद्धि गर्न मद्धत गर्दछ । आम्दानी भएका महिलाहरू आत्मा निर्भर हुने हुँदा आश्रित जनसङ्ख्याको दर कम हुने र विकास दीगो हुन्छ । त्यसैले दीगो विकासका लागि महिला विकास र महिलाको विकासका लागि महिलाहरूलाई बढी भन्दा बढी पेशा व्यवसायमा संलग्न गराउने वातावरण हुन जरुरी छ (अर्याल, २०५९) । तालिका नं. ५.८ मा उत्तरदाताको आम्दानीको अवस्था देखाइएको छ ।

**तालिका ५.८ सहभागी महिलाहरूको मासिक आम्दानी**

| आम्दानी | सङ्ख्या | प्रतिशत | मासिक आम्दानी रकम रु १००० मा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| हुन्छ | १८ | ३० | ५–१० | ६ | ३३.३३ |
| हुँदैन | ४२ | ७० | १०–१५ | ७ | ३८.८८ |
| – | – | – | १५ दखि माथि | ५ | २७.७७ |
| जम्मा | ६० | १०० | जम्मा | १८ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.८ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको आम्दानीलाई हेर्दा १८ जना अथवा ३० प्रतिशतको आम्दानी भएको र ४२ जना अथवा ७० प्रतिशतको आम्दानी नभएको देखिन्छ । सबैभन्दा धेरै महिलाहरूको आम्दानी नरहेको देखियो भने कम अथवा ३० प्रतिशत महिलाहरूले मात्र आम्दानी गर्ने गरेको देखियो जसमध्येमा ५ देखि १० हजार कमाउने ६ जना अथवा ३३.३३ प्रतिशत, १० देखि १५ हजार कमाउने ७ जना अथवा ३८.८८ प्रतिशत र १५ हजार भन्दा माथि कमाउने ५ जना अथवा २७.७७ प्रतिशत रहेको पाइयो । सबै भन्दा धेरै महिलाहरूको मासिक आम्दानी नरहेको देखियो भने कम अथवा ३० प्रतिशत महिलाहरूले मात्र आम्दानी गर्ने गरेको देखियो । जसको कारण गैर आम्दानीमूलक काममा बढि समय खर्चिनुपर्ने, शिक्षाको कमीले जागिर, पेशा व्यवसायन गरेको, पितृसत्तात्मक समाज भएकोले आर्थिक व्यवहार पुरुष केन्द्रित भएको पाइन्छ ।

## ५.१५ पारिवारीक आम्दानीको अवस्था

परिवारको मासिक आम्दानीले पनि महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जसको मासिक आम्दानी राम्रो र माथिल्लो स्तरमा रहेको हुन्छ उसको परिवारमा शैक्षिक अवस्था लगाएत अन्य आवश्यकताहरू सहज रूपमा पूर्ति हुने हुँदा पारिवारिक वातावरण तुलनात्मक रूपमा राम्रो हुने गर्छ । जसको कारण महिला विकासका लागि सहज अवस्था सृजना हुन्छ । त्यसैले अध्ययन क्षेत्रका महिलाहरूको परिवारको मासिक आम्दानीको अवस्था तालिका ५.९ मा उल्लेख गरिएको छ ।

**तालिका ५.९ पारिवारीक आम्दानीको अवस्था**

| परिवारको मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रु १०००० भन्दा कम | ४ | ६.६७ |
| रु १००००–२०००० | २६ | ४३.३३ |
| रु २०००० भन्दा माथि | ३० | ५० |
| जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.९ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको परिवारको आम्दानीलाई हेर्दा १० हजार भन्दा कम मासिक आम्दानी गर्ने ४ जना अथवा ६.६७ प्रतिशत १० देखि २० हजार कमाउने मासिक आम्दानी गर्ने २६ जना अथवा ४३.३३ प्रतिशत र २० हजार वा सो भन्दा माथि मासिक आम्दानी गर्ने ३० जना अथवा ५० प्रतिशत रहेको पाइयो । यसमा सबै भन्दा बढी ३० जना वा ५० प्रतिशतको मासिक आम्दानी २० हजार वा सो भन्दा माथि रहेको देखियो । व्यापार, रोजगारी, वैदेशिक रोजगारी आदि रहेका कारण अधिकांश उत्तरदाताहरुको मासिक आम्दानी रु. २०,००० भन्दा बढि रहेको पाइयो ।


**वैयक्तिक अध्ययन ५**

*म ३८ वर्षकी भएँ । म अहिले दुई वर्षदेखि जीवन बीमा कम्पनीमा एजेन्टको रुपमा काम गर्छु । मेरो श्रीमानले क्याम्पसमा पढाउनु हुन्छ । म विवाह गर्दा वि.कम. पास गरेकी थिए । विवाह पछि लगातर दुई जना बच्चा जन्मिए । त्यसपछि बच्चाहरुको हेरविचार गर्नु नै पर्‍यो । श्रीमानले जागिर भ्याएर ट्युसन पनि पढाउनु पर्थ्यो । त्यसैले बालबच्चा हुर्काउने र घरको सबै काम गर्ने काम मैले नै गर्नुपर्‍यो । त्यसैकारण मैलै बच्चा हुर्काउने समय सम्म अन्य आम्दानीमूलक काम गर्न सकिन । अब त बच्चा पनि हुर्किसके र म जीवन बीमा सम्बन्धित काम गर्दै छु । आफुले जति गर्न सक्यो त्यति आम्दानी हुन्छ । समय मिलाएर फुर्सदको समयमा गरे हुने कामले पनि मलाई यो काम गर्न सजिलो भएको छ । आफ्नो पनि आम्दानी भए पछि परिवारलाई पनि सपोर्ट हुने र आफ्नो आवश्यकताका सामान किन्न आफै निर्णय गरेर किन्न सकिने हुँदा आत्माबल पनि बढ्दो रहेछ । एका तिर बच्चा जन्माउने जिम्मा प्रकृतिले महिलालाई दिएको छ भने अर्कोतिर हाम्रो समाज पितृसतात्मक समाज भएकाले पनि महिलाहरुलाई आम्दानीमूलक काम गर्न वा घरबाहिरका सामाजिक काम गर्न पुरुषको तुलनमा बढी नै संघर्ष गर्नुपर्ने हुन्छ । पुरुषले घरभित्रका काम गर्न जान्दिन भने पछि सुख पाउने महिलाले भने जसरी पनि गर्नुपर्ने भनी समाजले कामको बाँडफाँड गरेको छ, महिला पुरुष दुवैले घरको काम गर्नु पर्छ तब मात्र महिलालाई पनि घरबाहिरका अन्य काम गर्ने वातावरण बन्दछ ।*

### ५.१६ घरजग्गाको स्वामित्वको अवस्था

आफ्नो नाममा चल अचल सम्पत्ति हुँदा महिलामा सामाजिक सुरक्षाको महशुस हुन्छ । अचल सम्पत्तिको रूपमा रहेको घरजग्गा कानुनी रूपमा आफ्नो स्वामित्वमा हुँदा महिलाहरूमा मानसिक रूपमा सकरात्मक प्रभाव पर्नुका साथै आत्मविश्वास बढ्छ । चित्र नं. ५.७ बाट सहभागी महिलाहरूको कानूनी रूपमा घरजग्गाको स्वामित्वको अवस्था प्रस्तुत गरिएको छ ।

**चित्र ५.७ घरजग्गाको स्वामित्वको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.७ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको घरजग्गाको स्वामित्वको अवस्थालाई हेर्दा २६ जना अथवा ४३.३३ प्रतिशतको आफ्नो नाममा घरजग्गा भएको र ३४ जना अथवा ५६.६७ प्रतिशतको आफ्नो नाममा घरजग्गा नभएको देखिन्छ । धेरै महिलाहरूको आफ्नो नाममा घरजग्गा नभएको देखिन्छ भने कम महिलाहरूको आफ्नो नाममा घरजग्गा भएको देखिन्छ । पितृसत्तात्मक समाज भएका कारण महिलाहरुको नाममा घरजग्गा कम रहेको पाइन्छ भने आर्थिक कारोवार समेत पुरुषले बढि गर्ने भएको हुँदा महिलाहरुको नाममा घरजग्गा तथा सम्पत्ति कम रहेको पाइन्छ ।

## ५.१७ घरजग्गा प्राप्तिको अवस्था

चल तथा अचल सम्पत्ति विभिन्न तरिकाबाट व्यक्तिको नाममा प्राप्त हुन्छ । अध्ययन क्षेत्रमा आफ्नो नाममा घरजग्गा भएका जम्मा २६ जना महिलाहरू रहेका छन् । उनीहरूको नाममा घरजग्गा कसरी प्राप्त भएको हो सोको वारेमा तालिका ५.१० बाट बुझ्न सकिन्छ ।

**तलिका ५.१० घरजग्गा प्राप्तिको अवस्था**

| कसरी प्राप्त भएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दाइजो प्राप्त | १ | ३.८५ |
| अंशबाट | ७ | २६.९२ |
| आफ्नै कमाईले किनेको | २ | ७.७० |
| श्रीमानको कमाईले किनेको | १६ | ६१.५३ |
| जम्मा | २६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.१० अनुसार कूल २६ जना उत्तरदाता महिलाहरूको नाममा घरजग्गा कसरी प्राप्त भएको हो सोको वारेमा बुझ्दा १ जना अथवा ३.८५ प्रतिशतको माइतीबाट दाइजो प्राप्त, ७ जना अथवा २६.९२ प्रतिशतको अंशबाट प्राप्त, २ जना अथवा ७.७० प्रतिशतको आफ्नै कमाईले किनेका, १६ जना अथवा ६१.५३ प्रतिशतको श्रीमानको कमाईले किनेको पाइयो । जसअनुसार धेरै महिलाहरूको आफ्नो नाममा घरजग्गा श्रीमानको कमाईले किनेको पाइयो भने कम महिलाहरूको आफ्नो नाममा भएको घरजग्गा माइतीबाट दाइजो प्राप्त भएको र २ जनाको आफ्नै कमाईले किनेको देखिन्छ । जसबाट के बुझ्न सकिन्छ भने महिलाहरूको परनिर्भरताको अवस्था अझै पनि व्यापकरूपमा नै रहेको छ । महिलाको नाममा घरजग्गा पास गर्दा सरकारी राजश्व कम तिर्नु पर्ने कारणले केही पुरुषहरुले आफ्नो कमाइबाट महिलाहरुको नाममा घरजग्गा पास गरेको पाइयो ।

## ५.१८ पारिवारीक कारोवारमा महिला सहभागिता

नेपाली समाज पितृसत्तात्मक भएकोले घरपरिवारमा महिलाको स्वतन्त्रता र निर्णय प्रकृयामा नियन्त्रण गरिएको हुन्छ । घरमूलिको रूपमा पुरुषहरू रहेका र घरसम्पति र आर्थिक कारोवारमा पनि पुरुषहरूकै नियन्त्रण रहेको पाइन्छ । यदि महिलाहरू आर्थिक कारोवारमा

अगाडि सरेमा महिला सँगको कारोवारमा विश्वास हुँदैन भनी महिलाहरूलाई हतोत्साही गराउने कार्य गरिन्छ । महिलाहरूको आफ्नै आम्दानी भएका परिवारमा समेत पुरुषबाट नै आर्थिक कारोवार हुने गरेको पाइन्छ । तालिका ५.११ बाट सहभागी महिलाहरूका परिवारमा आर्थिक कारोवारको अवस्थाका वारेमा बुझ्ने प्रयास गरिएको छ ।

**तालिका ५.११ पारिवारीक कारोवारमा महिला सहभागिता**

| आर्थिक कारोवार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सहभागी आफैले | २ | ३.३३ |
| श्रीमानले | १२ | २० |
| छोराले | ३ | ५ |
| बुहारीले | २ | ३.३३ |
| परिवारको सहमतिमा | ४१ | ६८.३४ |
| जम्मा | ६० | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.११ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २ जना अथवा ३.३३ प्रतिशत महिलाहरूले आफै , १२ जना अथवा २० प्रतिशत श्रीमानले, ३ जना वा ५ प्रतिशत छोराले, २ जना अथवा ३.३३ प्रतिशत बुहारीले र ४१ जना अथवा ६८.३४ प्रतिशत परिवारको सहमतिमा आर्थिक कारोवार गर्ने गरेको पाइयो । जसबाट सबैभन्दा धेरै ४१ जना वा ६८.३४ प्रतिशत परिवारको सहमतिमा आर्थिक कारोवार गर्ने गरेको पाईयो । पुरुषले कमाएता पनि आर्थिक कारोवारको विषयमा महिलाहरुसँग पनि सरसल्लाह लिने गरेको पाइयो । जसअनुसार पछिल्लो समयमा घर परिवारमा घरव्यवहार चलाउने कार्यमा आपसी सहमति अनुसार चलाउने गरेको पाइयो । परिवारमा आर्थिक कारोवार गर्दा महिलाको पनि सहभागिता हुनु महिलाको घरपरिवारमा निर्णय प्रक्रियामा सहभागि हुनु हो ।

## ५.१९ सम्पत्ति खरिद विक्रीमा महिला सहभागिता

प्राय: महिलाहरूको आफ्नो नाममा चल अचल सम्पत्ति नहुने र भएमा पनि त्यो आफ्नो कमाईले प्राप्त भएको नभई श्रीमानका कमाईले किनेको वा अंशबाट प्रप्त भएको पाइन्छ । जुन सम्पत्ति उनीहरूले आवश्यकता पर्दा खरिद बिकि गर्न सक्ने अवस्था कस्तो रहेको छ चित्र ५.८ मा प्रस्तुत गरिएको छ ।

**चित्र ५.८ सम्पत्ति खरिद विक्रीमा महिला सहभागिता**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*


चित्र ५.८ अनुसार उत्तरदाता महिलाहरूले आवश्यकता पर्दा आफ्नो नाममा चल अचल सम्पत्ति खरिद बिकि गर्न सक्ने अवस्थालाई हेर्दा ९ जना अथवा १५ प्रतिशत महिलाको सहभागिता भएको र ५१ जना अथवा ८५ प्रतिशतको सहभागिता नभएको पाइयो । जसबाट के देखिन्छ भने अधिकाशं महिलाहरूले आफ्नो नाममा सम्मत्ति खासै नहुनु र भएमा पनि आफूखुसी परिचालन गर्न सक्दैनन् ।

## ५.२० उत्तरदाताको नाममा बैंक खाताको अवस्था

आधुनिक एवं सुरक्षित कारोवारका लागि बैंकमा खाता खोली कारोवार गर्न आवश्यक हुन्छ । पछिल्लो समयमा बैंक सम्म महिलाहरूको पहुँच बढाउनका लागि र अर्थिक उपार्जन गरी स्वाबलम्बन बन्न बैंकहरूले लघुवित्त कार्यक्रम एवं विभिन्न स्किमहरू ल्याएका छन् ।

जसबाट पनि महिला विकासको अपेक्षा गरिएको छ । त्यसैले अध्ययन क्षेत्रका महिलाहरूले बैकिङ्ग कारोवार गर्नका लागि आफ्नो नाममा बैंकमा खाता भए नभएको अवस्था तलको चित्र ५.९ बाट देख्न सकिन्छ ।

**चित्र ५.९ उत्तरदाताको नाममा बैंक खाता भए नभएको अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.९ अनुसार उत्तरदाता महिलाहरूले बैकिङ्ग कारोवार गर्नका लागि आफ्नो नाममा बैंकमा खाता भए नभएको अवस्थालाई हेर्दा ४२ जना अथवा ७० प्रतिशतले छ भनेको र १८ जना अथवा ३० प्रतिशतले छैन भनेको पाइयो । जसबाट के देखिन्छ भने धेरै महिलाहरूको बैंकमा खाता रहेको छ ।

## ५.२१ उत्तरदाताले रकम प्राप्त हुने काम नगर्नुको कारण

अध्ययन क्षेत्रका कुनै पनि रकम प्राप्त हुने काम नगरेका ४२ जना गृहिणी महिलाहरूलाई रकम प्राप्त हुने काम नगर्नको कारण तालिका ५.१२ मा प्रस्तुत गरिएको छ ।

**तलिका ५.१२ उत्तरदाताले रकम प्राप्त हुने काम नगर्नुको कारण**

| रकम प्राप्त हुने काम नगर्नुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शैक्षिक योग्यता नभएर | १२ | ३० |
| व्यापारका लागि लगानी नभएर | ४ | १० |
| बेरोजगार भएर | २ | ५ |
| मन नलागेर | ४ | १० |
| घरयासी काममा व्यस्त भएर | १२ | ३० |
| घरबाट अनुमति नपाएर | ३ | ७.५ |
| उमेर बढी भएर | ५ | १२.५ |
| जम्मा | ४२ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.१२ अनुसार कुनै पनि रकम प्राप्त हुने काम नगरेका ४२ जना गृहिणी महिलाहरू मध्ये १२ जना अथवा ३० प्रतिशत महिलाहरूले शैक्षिक योग्यता नभएर, ४ जना अथवा १० प्रतिशत व्यापारका लागि लगानी नभएर, २ जना वा ५ प्रतिशत बेरोजगार भएर, ४ जना अथवा १० प्रतिशत मन नलागेर, १२ जना अथवा ३० प्रतिशत घरयासी काममा व्यस्त भएर, ३ जना वा ७.५ प्रतिशत घरबाट अनुमति नपाएर र ५ जना अथवा १२.५ प्रतिशत उमेर बढी भएर भन्ने पाइयो । महिलाहरुको छिटो विवाह हुने, पितृसत्तात्मक समाज, पारिवारिक बोझ आदिका कारण र धेरै प्रतिशत शैक्षिक योग्यता नभएर र घरयसी काममा व्यस्त भएर भनेको पाइयो ।

## ५.२२ घरायसी कामप्रति उत्तरदाताकाको धारणा

व्यक्तिले कुनै पनि काम गर्छ भने त्यहाँ श्रम प्रयोग भएको हुन्छ । त्यो श्रमको मूल्य हुनु पर्दछ । नेपाली महिलाहरूले अधिकाशं समय घरयासी काममा खर्च गरेका हुन्छन् तर उक्त श्रमको कुनै मूल्य दिइदैन । आफ्नो घरको काम गर्ने कामलाई केहि पनि गर्दिन भनी श्रमको अबमूल्यन गरिन्छ । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा बुझ्न खोजिएको छ ।

**चित्र ५.१० घरायसी कामप्रति उत्तरदाताकाको धारणा**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

चित्र ५.१० अनुसार उत्तरदाता महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा बुझ्दा ४५ जना अथवा ७५ प्रतिशतले दिनुपर्छ भनेको र १५ जना अथवा २५ प्रतिशतले दिनुपर्दैन भनेको पाइयो । घरमा गरिने दैनिक कामको हिसावमा बढि समय महिलाहरुले व्यतित गर्नुपर्ने, शारिरीक परिश्रमको मूल्य आजको समयमा प्राप्त हुने हुनाले पनि यस्तो धारण रहेको पाइयो । जसबाट के देखिन्छ भने अधिकाशं महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्छ भन्ने धारणा रहेको पाइएको छ ।

## ५.२३ घरायसी कामप्रति व्यस्तताको अवस्था

नेपाली समाजले प्रायः घरायसी काम महिलाहरूले नै गर्नुपर्छ भन्ने अपेक्षा राखेको छ । घरबाहिरको काम गर्ने कामकाजी महिलाहरूलाई पनि घरभित्रको कामको बोझ रहेको हुन्छ । घरबाहिर काम गर्दा महिलाहरूलाई दोहोरो भूमिका निर्भाह गर्नुपर्दा अतिरिक्त बोझका कारण पनि उनीहरूलाई घरबाहिर अन्य काम गर्न समस्या पर्दछ । यसका बाबजुद पनि महिलाहरू काम गर्न इच्छुक रहेका हुन्छन् । उत्तरदाता महिलाहरूले घरयासी कामका लागि दैनिक कति समय व्यस्त हुने गर्छन सोको वारेमा तालिका ५.१३ मा प्रस्तुत गरिएको छ ।

**तलिका ५.१३ घरायसी कामप्रति व्यस्तताको अवस्था**

| घरयासी काममा दैनिक बिताउने समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४ घण्टा | ११ | १८.३३ |
| ६ घण्टा | १४ | २३.३३ |
| ८ घण्टा वा सो भन्दा बढि | ३५ | ५८.३४ |
| जम्मा | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ५.१३ अनुसार उत्तरदाता महिलाहरूले घरयासी कामका लागि दैनिक व्यस्त हुने समयको अवस्था हेर्दा ११ जना अथवा १८.३३ प्रतिशतले दैनिक ४ घण्टा, १४ जना अथवा २३.३३ प्रतिशतले दैनिक ६ घण्टा र ३५जना अथवा ५८.३४ प्रतिशतले दैनिक ८ घण्टा वा सो भन्दा बढी समय व्यस्त भएको पाइयो । परिवारको हेरचाह, खाना पकाउने काम आदि महिलाले गर्नुपर्ने, सरसफाइ लगायत अन्य कामको बोझ पनि महिलाले नै लिनुपर्ने आदिका कारण महिलाहरुले ८ घण्टा वा सो भन्दा बढि गर्नु परेको पाइन्छ । जसबाट के देखिन्छ भने अधिकाशं महिलाहरूको घरयासी काममा  ८ घण्टा वा सो भन्दा बढी समय व्यस्त रहने जुन कामको कुनै मूल्य हुने गर्दैन् ।

# अध्याय छ
# सारांश, प्राप्ति तथा निष्कर्ष

## ६.१ सारांश

वर्तमान सन्दर्भमा नेपाल लोकतान्त्रिक युगमा प्रवेश गरेतापनि महिलाहरूलाई समावेशीकरणका माध्यमबाट राज्यको मूल प्रवाहमा समावेश गर्न नसकिएको अवस्था विद्यमान छ । विशेषगरी महिलाहरूले इतिहासको लामो कालखण्डदेखि राजनीतिक, सामाजिक एवं आर्थिक दृष्टिले बहिष्करणको अनुभूति गरिरहेका छन् । महिला र पुरुषलाई विकास प्रकृयमा समान रूपमा  समेट्न नसकिएको कारण महिलाहरू आफूलाई दोस्रो दर्जाको नागरिक महशुस गरिरहेका छन् । मुलुकको समग्र विकासको लागि कतिपय यस्ता अमिल्दा पक्षहरू व्यवधानको रूपमा देखिएका छन् । मानवीय समृद्धिको लागि दिगो विकास हालको आवश्यकता हो भने दिगो विकासका लागि लैङ्गिक विकास अनिवार्य आवश्यकता हो । समाजका हरेक पक्षमा समान रूपमा लैङ्गिक सहभागिता हुन सक्यो भने मात्र विकासको ढोका खुल्न सक्छ । परनिर्भरको जीवनबाट छुटकारा पाई स्वाबलम्बन भई बाँच्न सामाजिक र आर्थिक क्रियाकलापमा महिलाको सक्रिय सहभागिता आवश्यक छ । नेपालको सन्दर्भमा कुरा गर्दा लैंगिक समानता कायम गर्ने थुप्रै कार्यक्रमहरू भएका छन् । नेपालको राष्ट्रिय योजनाहरूमा लैंगिक समानता कायम गर्ने नीतिगत रूपमा कार्ययोजना तर्जुमा गरिएको र संचालन गरिएका भए पनि अपेक्षाकृत रूपमा उपलब्धी हासिल गर्न सकिएको देखिदैन ।

यस अनुसन्धान कार्यको उद्देश्य अनुसार विकासका क्रियाकलापमा महिला सहभागिताको अवस्था र विकासका नीतिले महिलाका क्षेत्रमा ल्याएका प्रतिफलहरूको अध्ययन गर्नु हो । तथ्याङ्क विश्लेषण अनुसार धेरै महिलाहरू सामाजिक आर्थिक क्रियाकलापमा सक्रिय सहभागि हुन नसकेको देखिएको छ । महिलाहरू बढी मात्रामा घरयासी कार्यमा व्यस्त रहनुपर्ने, परिवारका पुरुष सदस्यहरूबाट असहयोग, पितृसतात्मक समाज, चेतनामूलक कार्यक्रमको अभाव, लैङ्गिक विभेद, परम्परागत सोच आदि कारणले महिलाहरूको सामाजिक आर्थिक क्रियाकलापमा खासै सक्रिय सहभागिता नभएको देखिएको छ । सामाजिक संस्थामा लागेका र पढेलेखेका महिलाहरू पनि नेतृत्व तहमा पुग्न सकेका छैनन् ।

## ६.२ प्राप्ति

अनुसन्धानमा सङ्कलित तथ्याङ्कलाई तालिकीकरण र आवश्यकता अनुसार विश्लेषण गरी निम्न मुख्य प्राप्तिहरु प्रस्तुत गरिएको छ ।

- यस अध्ययनमा कम उमेर र बढी उमेरका महिलाहरू भन्दा बीचको उमेर समूहका महिला उत्तरदाता बढी रहेको पाईयो ।
- महिलाहरूको शैक्षिक स्तरलाई हेर्दा निरक्षर भन्दा साक्षरको सङ्ख्या बढी भए पनि उच्च शिक्षा हासिल गरेका महिलाहरूको सङ्ख्या न्यून देखिन्छ ।
- उत्तरदाता महिलाहरूको धार्मिक अवस्था हेर्दा कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ५५ जना महिलाहरू अथवा ९२ प्रतिशत महिलाहरू हिन्दु धर्म मान्ने रहेको पाईयो ।
- जातिगत आधारमा महिलाहरूको जनसङ्ख्याको बनावटलाई हेर्दा ब्राहमण र क्षेत्रीको बाहुल्यता रहेको पाइयो । जुन ७५ प्रतिशत सङ्ख्या ब्राहमण र क्षेत्रीको रहेको पाइयो भने २५ प्रतिशत सङ्ख्या मात्र जनजातिहरूको रहेको पाइयो ।
- उत्तरदाताहरूको पारिवारिक संरचनालाई हेर्दा एकल परिवार हुने उत्तरदाताहरू बढी रहेको पाईयो । जहाँ ५८ प्रतिशत एकल परिवारमा बस्ने र ४२ प्रतिशत संयुक्त परिवारमा बस्ने गरेको पाईयो ।
- उत्तरदाता महिलाहरूको बसाई सराईको अवस्थालाई हेर्दा ३५ प्रतिशत बसाई सराई गरेर आएका परिवारका महिलाहरू र ६५ प्रतिशत महिलाहरू पुर्खौली देखि नै यहीँ बस्दै आएका परिवारका महिलाको बाहुल्यता रहेको पाईयो
- उत्तरदाताहरू महिलाहरूको वैवाहिक अवस्था हेर्दा ७३ प्रतिशत महिलाहरूको विवाह १५ देखि २० वर्षभित्र भइसकेको पाईयो । यो अवस्था महिला विकासका लागि वाधकका रूपमा रहेको पाइएको छ ।
- महिलाहरूको पेशालाई हेर्दा सबै भन्दा धेरै महिलाहरू घरभित्रको कार्यमा व्यस्त रहेको देखियो । जहाँ ६७% प्रतिशत महिला गृहिणी रहेको पाइयो ।
- उत्तरदाता महिलाहरूको परिवारको आम्दानीको स्रोतलाई हेर्दा सबै भन्दा धेरै महिलाहरूको परिवारमा आम्दानीको स्रोत नोकरी रहेको पाइयो ।

- सामाजिक संघ संस्थामा आवद्ध रहेका महिलाहरूको अवस्था हेर्दा ५३ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक संघ संस्थामा आवद्ध नभएको देखियो भने ५८ प्रतिशत महिलाहरू सहकारी संस्थामा सदस्य भएको पाइयो । जसअनुसार सहकारी संस्थामा आवद्ध नभएका भन्दा भएकाको सङ्ख्या बढि रहेको पाइयो ।
- महिलाहरू सामाजिक तथा सहकारी संस्थामा नलाग्नाका कारणका वारेमा बुझ्दा ५६.२५ प्रतिशत महिलाहरू बसाई सराई भएर आएकाले थाहा नपाएर, ३१.२५ प्रतिशत नभ्याएर, ६.२५ प्रतिशत शिक्षा नभएर र ६.२५ प्रतिशत बढी उमेर भएर सामाजिक संघ संस्थामा आवद्ध नभएको पाइयो ।
- महिलाहरू सहकारी संस्थामा नलाग्नाका कारणका वारेमा बुझ्दा सहकारी संस्थामा ३६ प्रतिशत महिलाहरू आफ्नो आम्दानी नभएर, ३२ प्रतिशत श्रीमान सहकारीको सदस्य भएर २० प्रतिशत कसैले नभनेर र १२ प्रतिशत यत्तिकै महिलाहरू कुनै पनि सहकारी संस्थामा आवद्ध नभएको पाइयो । जसअनुसार सहकारी संस्थामा आवद्ध नहुनुको कारण आफ्नो आम्दानी नभएर भन्नेको सङ्ख्या सबैभन्दा बढि रहेको पाइयो ।
- सामाजिक संस्थामा लागेका महिलाहरू मध्ये २९ प्रतिशत महिलाहरू सामाजिक सेवा गर्न, २१.५० प्रतिशत छिमेकी तथा साथीले भनेर, १४ प्रतिशत नयां कुरा सिक्नका लागि, २१.५० प्रतिशत बचेको समयलाई सदुपयोग गर्न र १४ प्रतिशत यत्तिकै सामाजिक संस्थामा लागेको पाईयो । सबैभन्दा बढी ८ जना महिला समाजसेवा गर्न सामाजिक संस्थामा लागेका र ४ जना महिला नयाँ कुरा सिक्नका लागिका लागेका र अन्य १६ जना महिलाहरू विना उद्देश्य सामाजिक संस्थाहरूमा लागेको पाइयो । महिलाहरू लाई बिना चेतना जबरजस्ति सामाजिक संघ संस्थामा सदस्य बनाउदा समाजले अपेक्षित लाभ लिन नसकेको पाइयो ।
- सहकारी संस्थामा लागेका महिलाहरू मध्ये सबैभन्दा बढी १३ जना महिला कर्जा पाइने भएर सहकारी संस्थामा लागेको पाइयो । जसबाट महिलाहरू पनि आर्थिक क्रियाकलापमा सहभागी हुन चाहेको पाइयो ।
- सामाजिक संस्थामा लागेका महिलाहरूको उपलब्धीलाई हेर्दा सामाजिक संघ संस्थामा आवद्ध भएर पनि केहि पनि भएन भन्नेको सङ्ख्या १४ वा ५० प्रतिशत

रहेको पाइयो । जसबाट महिलाहरूको क्षेत्रमा भएको लगानीले अपेक्षाकृत प्रतिफल प्रात्त हुन नसकेको पाइयो ।

- सहकारी संस्थामा लागेका महिलाहरूको उपलब्धीलाई हेर्दा सहकारी संस्थामा लागेर केहि पनि भएन भन्नेको सङ्ख्या १४ वा ४० प्रतिशत देखियो । जसअनुसार महिलाहरू सहकारीमा लागेर पनि अपेक्षाकृत प्रतिफल प्रात्त हुन नसकेको पाइयो
- सामाजिक संस्थामा लागेका महिलाहरू पनि ७५ प्रतिशत महिलाहरूले सामाजिक क्षेत्रमा संयोजक भएर काम नगरेको पाईयो । महिलाहरू सामाजिक संस्थामा आवद्ध भए पनि नेतृत्व लिई काम नगरेको वा लिन नपाएको पाइयो ।
- सामाजिक संस्थामा लागेका महिलाहरू पनि बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने महिलाहरू भन्दा नराख्ने महिलाहरूको सङ्ख्या बढी रहेको पाइयो । जसमा सामाजिक क्षेत्रमा लागेका महिलाहरूमा पनि आत्मा विकास हुन नसकेको पाइयो । महिलाहरूको उपस्थिति मात्र रहने ,शहरी क्षेत्रका धेरै महिलाहरूमा समेत हामीलाई के थाहा छ र बोल्नु भन्ने र जानेको कुरा पनि बोल्न लजाउने कारणले ताली बजाउने काम मात्र गरेको पाईयो ।
- सामाजिक संस्थामा लागेका उत्तरदाता महिलाहरू मध्ये ८२.१५ प्रतिशत महिलाहरूमा आफ्नो संस्थामा सामाजिक कार्यमा असहज महशुस गनुपर्ने अवस्था नरहेको पाईयो । पछिल्लो समय महिलाहरूका लागि सामाजिक क्षेत्रमा महिलामैत्री वातावरण बन्दै गरेको पाईयो ।
- सामाजिक संस्थामा लागेका उत्तरदाता महिलाहरू मध्ये ६७.८५ प्रतिशत महिलाहरूको आफ्नो संस्थामा महिला र पुरुष बीच भेदभाव हुने गरेको पाईयो । महिला र पुरुष बीच भेदभावको अवस्था हुनाले लैङ्गिक विभेदको समस्या विकासका बाधकका रूपमा रहेको पाइयो ।
- सामाजिक काममा हिडदा परिवारबाट सहयोग प्राप्तिको अवस्था हेर्दा कहिले मिल्छ कहिले मिल्दैन भन्ने महिला ७० प्रतिशत रहेको पाइयो । घरयासी काममा महिलाहरू अल्झिराख्नुपर्ने, पुरुषहरूले घरको काममा सहयोग नगर्ने र सामाजिक काममा परिवारका पुरुषहरू नै अगाडि सर्नाले महिलाहरूलाई सामाजिक काममा लाग्न समय दिन नपाउने पाइयो ।

- महिलाहरूले कुनै पनि तालिम लिए नलिएको बारेमा हेर्दा ६३.३३ प्रतिशत महिलाहरूले कुनै पनि तालिम नलिएको पाइयो ।
- महिलाहरूमा सरकारको समाज विकास प्रकृयामा महिलाको विशेष सहभागिताको नीति रहेको वारे थाहा छ या छैन भनी बुझ्दा ८७ प्रतिशत महिलाहरूमा थाहा भएको पाइयो । राज्यले महिला विकासका लागि लिएको नीतिवारे महिलाहरूलाई राम्रो जानकारी रहेको पाइयो ।
- अध्ययन क्षेत्रका महिलाहरूमा आपसमा गरिने अन्तरक्रियाका विषयमा हेर्दा सबैभन्दा धेरै २३ जना वा ३८.३३ प्रतिशत महिलाहरूले आर्थिक विषयमा अन्तरक्रिया गर्ने गरेको पाईयो भने सबैभन्दा थोरै २ जना वा ३.३३ प्रतिशत महिलाहरूले राजनैतिक विषयमा अन्तरक्रिया गर्ने गरेको पाईयो ।
- महिलाहरूको आम्दानीलाई हेर्दा ७० प्रतिशतको आम्दानी नभएको पाइयो ।
- महिलाहरूको परिवारको आम्दानीलाई हेर्दो १० हजार भन्दा कम मासिक आम्दानी गर्ने ४ जना अथवा ६.६७ प्रतिशत १० देखि २० हजार कमाउने मासिक आम्दानी गर्ने २६ जना अथवा ४३.३३ प्रतिशत र २० हजार वा सो भन्दा माथि मासिक आम्दानी गर्ने ३० जना अथवा ५० प्रतिशत रहेको पाइयो । यसमा सबै भन्दा बढी ३० जना वा ५० प्रतिशतको मासिक आम्दानी २० हजार वा सो भन्दा माथि रहेको पाइयो ।
- महिलाहरूको घरजग्गाको स्वामित्वको अवस्थालाई हेर्दा २६ जना अथवा ४३.३३ प्रतिशतको आफ्नो नाममा घरजग्गा भएको र ३४ जना अथवा ५६.६७ प्रतिशतको आफ्नो नाममा घरजग्गा नभएको पाइयो । धेरै महिलाहरूको आफ्नो नाममा घरजग्गा नभएको पाइयो ।
- आफ्नो नाममा घरजग्गा भएका महिलाहरूको आफ्नो नाममा घरजग्गा कसरी प्राप्त भएको हो सोको वारेमा बुझ्दा धेरै महिलाहरू ६१.५३ प्रतिशतको श्रीमानको कमाईले किनेको पाइयो । जसअनुसार महिलाहरूको परनिर्भरताको अवस्था व्यापकरूपमा रहेको पाइयो ।
- उत्तरदाता महिलाहरूको परिवारमा आर्थिक कारोवार कस्ले गर्छ भनेर बुझ्दा सबैभन्दा धेरै ४१ जना वा ६८.३४ प्रतिशत परिवारको सहमतिमा आर्थिक कारोवार

गर्ने गरेको पाईयो । पछिल्लो समयमा घर परिवारमा घरव्यवहार चलाउने कार्यमा आपसी सहमति अनुसार चलाउने गरेको पाइयो ।

- महिलाहरूले आवश्यकता पर्दा आफ्नो नाममा चल अचल सम्पत्ति खरिद बिकि गर्न सक्ने अवस्थालाई हेर्दा ९ जना अथवा १५ प्रतिशतले सक्छु भनेको र ५१ जना अथवा ८५ प्रतिशतले सक्दिन भनेको पाइयो ।
- महिलाहरूले घरमा चाहिने कुनै पनि नयाँ सामानहरू आफै निर्णय गरेर किन्न सक्ने अवस्थालाई हेर्दा ९ जना अथवा १५ प्रतिशतले सक्छु भनेको र १६ जना अथवा २६.६७ प्रतिशतले सक्दिन भनेको र ३५ जना अथवा ५८.३३ प्रतिशतले सानो सानो सामान सक्छु भनेको पाइयो । जसअनुसार अधिकाशं महिलाहरूले आफूखुसी सानो सानो सामान आफै निर्णय गरेर किन्न सक्ने गरेको पाइयो ।
- महिलाहरूले बैंकिङ्ग कारोवार गर्नका लागि आफ्नो नाममा बैंकमा खाता भए नभएको अवस्थालाई हेर्दा ४२ जना अथवा ७० प्रतिशतको बैंक खाता रहेको पाइयो ।
- रकम प्राप्त हुने काम नगरेका ४२ जना गृहिणी महिलाहरू मध्ये १२ जना अथवा ३० प्रतिशत महिलाहरूले शैक्षिक योग्यता नभएर, ४ जना अथवा १० प्रतिशत व्यापारका लागि लगानी नभएर, २ जना वा ५ प्रतिशत बेरोजगार भएर, ४ जना अथवा १० प्रतिशत मन नलागेर, १२ जना अथवा ३० प्रतिशत घरयासी काममा व्यस्त भएर, ३ जना वा ७.५ प्रतिशत घरबाट अनुमति नपाएर र ५ जना अथवा १२.५ प्रतिशत उमेर बढी भएर भन्ने पाइयो । जसबाट धेरै प्रतिशत शैक्षिक योग्यता नभएर र घरयासी काममा व्यस्त भएर रकम प्राप्त हुने काम नगरेको पाइयो ।
- महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा बुझ्दा ४५ जना अथवा ७५ प्रतिशतले दिनुपर्छ भनेको र १५ जना अथवा २५ प्रतिशतले दिनुपर्दैन भनेको पाइयो । अधिकाशं महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्छ भन्ने धारणा रहेको पाइयो ।
- महिलाहरूले घरयासी कामका लागि दैनिक व्यस्त हुने समयको अवस्था हेर्दा ५८.३४ प्रतिशतले दैनिक ८ घण्टा वा सो भन्दा बढी समय व्यस्त भएको पाइयो ।

## ६.३ निष्कर्ष

यस अध्ययनले पोखरा महानगरपालिका वडा नं १६, तुलसीघाट मार्गका महिलाहरूको सामाजिक आर्थिक क्रियाकलापमा रहेको सहभागिताको वारेमा विश्लषण गरिएको छ । विश्वको कूल जनसङ्ख्याको आधा हिस्सा ओगट्ने महिलाको सङ्ख्या नेपालमा पनि आधाभन्दा बढी नै रहेको प्रत्येक पटकका जनगणनाको तथ्याङ्कले देखाएको छ । यसरी जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाको स्थान समाजमा दोस्रो दर्जाको नागरिकको हैसियतमा रहेको छ । विभिन्न किसिमका प्रथा र परम्पराका नाममा महिलाहरू माथि हिंसा भएको छ । पुरुषलाई मगज र महिलालाई शरीरको रूपमा हेरिने परिपाटी हाम्रो समाजमा अझै पनि विद्यमान रहेको छ । घरयासी कार्यबोझबाट मात्र नभएर उनीहरूले निर्भाह गर्नुपर्ने धेरै भूमिकाका कारण पनि महिलाहरू पिडित छन् । उनीहरूले पुरुष सरह स्वतन्त्रताको अनुभूति गर्न पाएका छैनन् सम्मत्तिमा समेत उनिहरूको पहुच पुगेको छैन् । अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक आर्थिक क्रियाकलापमा सहभागिता न्यून रहेको पाईन्छ । शहरी क्षेत्रका भए पनि अधिकांश महिलाहरू बसाइसराइ गरेर आएका कारण सामाजिक क्रियाकलापमा जति हुनुपर्ने हो त्यति सक्रिय नभएको देखिन्छ । कतिपय महिलाहरु टोलमा हुने विभिन्न गतिविधिहरु प्रति अनविज्ञ भएको देखिन्छ । पुरुषहरूले घरयासी काममा सहयोग नगर्ने र सामाजिक र आर्थिक कार्यमा लाग्ने वातावरण बनाइदिएको देखिँदैन । बच्चाहरूको हेरचाह गर्ने र घरयासी काम महिलाले गर्ने काम हो भन्ने मानसिकता समाजका महिला पुरुष दुवैमा रहेको पाइएको छ ।

त्यस्तै गरी पुरुषहरूले जसरी भए पनि कमाउनु पर्ने र परिवारलाइ पाल्नु पर्ने अपेक्षा समेत समाजले पुरुषबाट राखेको छ । महिलाहरूलाई दोहोरो भूमिका निर्भाह गर्नुपर्ने कारण सामाजिक आर्थिक क्रियाकलापमा लाग्न त्यति इच्छुक नभएको समेत देखिन्छ । राज्यले महिला विकासका लागि अगाडि सारेका कार्यक्रम प्रति अधिकाशं महिलाहरूलाई जानकारी हुदा हुदै पनि महिलाहरूले खासै चासो नदिएको देखिन्छ । त्यस्तै पुरुष तथा स्वम् महिलाहरू पनि घरबाहिरका काममा पुरुष अगाडि सर्नुपर्ने र घरको काममा महिला अगाडि सर्नुपर्ने पुरातन मान्यताबाट ग्रसित भएको पाईन्छ । जुन धारणा विकासका लागि बाधकको रूपमा रहेको छ । र पनि पछिल्लो समयमा परिवारमा विभिन्न किसिमका व्यवहारिक निर्णयहरू गर्दा महिलासंग पनि सरसल्लाह गरेर गर्ने गरेको देखिन्छ । जुन घर परिवार भित्रको निर्णय

प्रक्रियामा महिला सहभागिता भएको पाउन सकिन्छ । पछिल्लो समयमा कानुनमा समान अधिकार उल्लेख गरेपनि व्यवहारिकतामा समानता देख्न पाईदैन । लैङ्गिक समानता कायम राख्न लैङ्गिक समताको नीति आगाडि सारी सामाजिक न्यायलाई बढी जोड दिनु पर्ने देखिन्छ । जसमा महिलालाई सशक्तिकरण गर्ने, क्षमता अभिबृद्धि गर्ने, चेतनाको विकास गर्ने, पहुँचमा बृद्धि गर्ने र अवसरहरू उपलब्ध गराइनु पर्छ । समाजरूपी गाडालाई सन्तुलनमा राख्न कमजोर पाग्रांरूपी महिलालाई समान बनाई गुडाउन सके मात्र समाज विकास सम्भव हुन्छ । न्यायिक समतामा आधारित समाजको निर्माणका लागि अधिकारका साथसाथै महिलालाई अबसर, उपभोग गर्न सक्ने क्षमता र वातावरणको विकास गरिनु पर्दछ । अनिमात्र लैङ्गिक समानता सम्भव छ र विकासको ढोका खुल्दछ ।

# सन्दर्भग्रन्थ सूची


अर्याल, भोजेन्द्र (२०५९), *आर्थिक विकासको समाजशास्त्र,* काठमाण्डौं: दीक्षान्त पुस्तक प्रकाशन ।

आचार्य, बलराम (२०६१), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* काठमाडौं : विद्यार्थी बुक्स पब्लिकेसन्स ।

एङ्गेल्स, मार्टिन (१९८६), *थ्यौरी अफ ह्युमन डेभलपमेन्ट,* मस्को : प्राग्रेस पब्लिसर्स ।

के.त.वि. (२०६८), *राष्ट्रिय जनगणना, २०६८,* काठमाडौं : केन्द्रिय तथ्याङ्क विभाग ।

गुरुङ, निर्मला (२००७), *सोसीयो ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर : अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी, कास्की,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

चापागाईं, सरिता (२००९), *श्रीकृष्णगण्डकी गा.वि.स., स्याङ्जाका सार्की जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्था र व्यवसायिक परिवर्तन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

चौलागाई, तिलकप्रसाद, पोखरेल, नानिराम र सापकोटा, केशवराज (२०६०) : *लैङ्गिक अध्ययन समाजशास्त्रिय विश्लेषण,* न्यु हिरा वुक्स् इण्टरप्राइजेज, काठमाण्डौ ।

जोतोभ, (१९८५), *द मार्क्सिस-लेनिनिट थ्यौरी अफ सोसाइटी,* मस्को : प्रोग्रेस पब्लिसर्स ।

तामाङ्ग, सेरा (२००४), नेपालमा विकासे नारिवाद (लेख): *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* सम्पादन : मेरी डेसेन, प्रत्यूष वन्त, सोसल साइन्स वहा ।

तुलाचन, सृजना (२०१२), *जेण्डर रोल इन हाउसहोल्ड लेबल : अ ग्लिम्प्स अफ रिसर्च ट्र्याडिसन इन सोसियल साइन्स रिसर्च, २०१२,* समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

थापा, कृष्ण ब. (सन् २००८) : *वुमन एण्ड सोसियल चेञ्ज इन नेपाल,* मिसेस अम्बीका थापा, काठमाण्डौ, नेपाल ।

थापा, श्रीबहादुर (२०६६), *तनहुँ जिल्ला किहुँ गा.वि.स. का मुस्लिम महिलाहरुको अवस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पन्त, यादवप्रसाद (२०६१), *सामाजिक विकास र लायनवाद,* लायन्स स्मारिका, काठमाण्डौं वालाजु हाईट ।

पुन, तिलक प्रसाद (२०६६), *पर्यटन क्षेत्रमा महिला गाइड,* हिमदूत राष्ट्रिय दैनिक, २०६६ मंसिर ५ पोखरा ।

पोखेल, उर्मीला (२०६५), *समता प्राप्तिको लागि यूवा महिलाका सरोकारका विषयहरु,* काठमाडौं : नवयूवा ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रूपरेखा,* काठमाण्डौ : निमा पुस्तक प्रकाशन ।

बराल, रामचन्द्र (२०६७), *सम्बन्ध विच्छेदका कारण-असर,* एम.ए.शोधपत्र समाजशास्त्र तथा मानवशास्त्र अन्तर्गत मानविकी संकाय, त्रिभुवन युनिभर्सिटी, कीर्तिपुर ।

बस्नेत, अशोककुमार, सुबेदी, कृष्णप्रसाद, आचार्य, मातृकाप्रसाद (२०६९), *लैङ्गिकता र बिकास,* सोपान मासिक, काठमाडौं ।

भद्रा, (डा.) चन्द्रा (सं) (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : अक्सफोर्ड इन्टरनेश्नल पब्लिकेशन ।

भण्डारी, घनश्याम (२०६६), *महिला र मौलिक हक,* समाधान राष्ट्रिय दैनिक, २०६६ असार ३१ पोखरा ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो ?* न्यू दिल्ली : काली फर वीमन ।

मार्सल, गोरडोन (२००४), *डिक्सनरी अफ सोसिओलोजि,* न्यु दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

रीटजर, जर्ज (१९९६), *मोडर्न सोसिओलोजिक थिओरी,* न्यु दिल्ली : एम.सि. ग्रअ हिल कम्पनी ।

रेडक्लीफ, माईकल (१९८७), *ससटेनएवुल डेभलपमेन्ट एक्सपोलरी:, द कन्ट्राडीसन,* लण्डन र न्यूर्योक ।

वेनेट (२००३), *डेन्जरस वाइभ्स एण्ड सेक्युरिटिज सिस्टरस,* न्युयोर्क : कोलम्बिया युनिभर्सिटी प्रेस ।

# अनुसूची १

## सामाजिक, आर्थिक क्रियाकलापमा महिला सहभागिता

## कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १६ तुलसीघाट मार्गका

## विवाहित महिलाहरूको एक समाजशास्त्रीय अध्ययन

अनुसन्धानकर्ता : योगेन्द्र थापा, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति :

उत्तरदाताको नाम : ................................................... उमेर : ..........

धर्म ............. जात/जाति .............................

अ) पारिवारिक विवरण : जम्मा सङ्ख्या : .................

| क.सं. | नाम, थर | लिङ्ग | उमेर | शिक्षा | पेशा | वैवाहिक स्थिति | घरमूलि सँगको नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

## क) सामाजिक पक्ष

१) तपाईको पेशा के हो ?

क) कृषि  ख) जागिर

ग) व्यापार  घ) गृहिणि  ङ) अन्य

२) तपाईको वैवाहिक स्थिति के छ ?

क) विवाहित ख) अविवाहित

ग) एकल घ) अन्य

३) तपाईका सन्तान कति जना छन ?

क) छोराको सङ्ख्या ख) छोरीको सङ्ख्या

४) तपाईको शैक्षिक योग्यता कति छ ?

क) निरक्षर ख) साक्षर ग) प्राथमिक घ) निमावि

ङ) माध्यमिक च) एस.एल.सी. छ) प्रमाण पत्र

ज) स्नातक झ) स्नाकोत्तर

५) तपाई कुनै सामाजिक तथा सहकारी संस्थामा सदस्य हुनुहुन्छ ?

क) छु ख) छैन

६) यदि हुनुहुन्छ भने कतिवटा संस्थामा हुनुहन्छ ?

क) एक ख) दुई ग) तीन घ) त्यो भन्दा धेरै

६) कुन पदमा हुनुहुन्छ ?

क) साधारण सदस्य ख) आजिवन सदस्य

ग) कार्यसमिति सदस्य घ) निर्णयक तह

७) तपाई संस्थामा लाग्नुको उद्देश्य के हो ?

..............................................................................

८) यदि हुनुहुन्न भने सामाजिक संस्थामा नलाग्नुको कारण के हो ?

.................................................................................

९) संस्थामा लागेपछि तपाइलाई के के फाइदा भयो ?

क) सीप सिकेर राम्रो आम्दानी हुने भयो

ख) आफ्ना समस्यालाई निर्धक्क भन्ने र समाधान गर्न सकिने भयो

ग) समाजमा बोल्न र केही गर्न सकिने भयो

घ) सङ्घ संस्थाको नेतृत्व गर्न सकिने भयो ङ) अन्य

१०) तपाई बैठकमा कति जानुहुन्छ ?

क) अनिवार्य रूपमा जान्छु ख) भ्याउदा मात्र जान्छु

११) बैठकमा तपाईले कुनै प्रस्ताव लिएर जानुहुन्छ ?

क) लैजान्छु ख) लैजादिन

१२ ) तपाईले बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्नुहुन्छ ?

क) राख्छु ख) राख्दिन

१३) बैठकमा तपाईको सुझावको कुनै सुनुवाई हुन्छ कि हदैन ?

क) हुन्छ ख) हुँदैन

१४) तपाईले महिला भएको नाताले सामाजिक काम गर्न असहज महशुश गर्नुभएको छ ?

क) छु ख) छैन

१५) तपाई आफ्नो संस्थामा संयोजक भएर कुनै कार्यक्रम सम्पन्न गर्नुभएको छ ?

क) छु ख) छैन

१६) तपाई रहेको संस्थामा महिला र पुरुषमा भेदभाव हुन्छ ?

क) हुन्छ ख) हुदैन

१७) तपाईले संस्थाबाट कुनै तालिममा भाग लिनुभएको छ ?

क) छु ख) छैन

१८) सरकारको समाज विकास प्रकृयामा महिलाको विशेष सहभागिताको नीति रहेको तपाईलाई थाहा छ ?

क) छ ख) छैन

१९) सक्रियताका साथ सामाजिक काम गर्न तपाईले संस्थाका अग्रजहरूबाट सहयोग पाउनु भएको छ कि छैन ?

क) छु ख) छैन

२०) सामाजिक काममा हिँड्दा परिवारबाट तपाईलाई कत्तिको सहयोग मिल्छ ?

क) मिल्छ ख) मिल्दैन ग) कहिले मिल्छ कहिले मिल्दैन

२१) तपाईको परिवार यहाँ बसाईसराई गरेर आउनु भएको हो ?

क) हो ख) होइन

## ख) आर्थिक पक्ष

१) तपाईको परिवारको आम्दानीको स्रोत के हो ?

क) कृषि　ख) नोकरी　ग) व्यापार　घ) वैदेशिक रोजगार

२) तपाईको परिवारको मासिक आम्दानी कति छ ? रु.................

३) तपाईको परिवारको आफ्नो नाममा कति जग्गा छ ?

क) बिघा ..........ग) रोपनी ............ख) धुर .......... घ) कठ्ठा ............

४) तपाई कुनै आयमूलक काम गर्नु हुन्छ ?

क) गर्छु　ख) गर्दिन　ग) अन्य

५) यदि गर्नुहुन्छ भने के गर्नु हुन्छ ?

क) व्यापार　ख) नोकरी　ग) कृषि　घ) अन्य

६) तपाईले आफै सालाखाला कति आम्दानी गर्नुभएको छ ?

क) दैनिक ............　ख) मासिक ..........　ग) वार्षिक ................

७) यदि रकम प्राप्त हुने काम गर्नु हुन्न भने किन गर्नु हुन्न ?

क) शैक्षिक योग्यता नभएर　ख) व्यापारका लागि लगानी नभएर

ग) बेरोजगार भएर　घ) मन नलागेर　ङ) घरायसी काममा व्यस्त भएर

च) घरबाट अनुमति नदिएर　छ) अन्य

८) तपाईको आफ्नो नाममा कति जग्गा छ ?..........................

९) यदि छ भने त्यो कसरी तपाईको नाममा भएको हो ?

क) माइतीबाट दाइजो प्राप्त　ख) अंशबाट प्राप्त

ग) आाफ्नै कमाईले किनेको　घ) श्रीमान्को कमाईले किनेको

१०) तपाई बस्ने घर कानुनी रूपमा कस्को नाममा छ ?

क) श्रीमान्　ग) दुवैको

ख) आफ्नै　घ) अरु कसैको

११) तपाईको आफ्नो बैंक खाता छ कि छैन ?..........................

१२) तपाईले आफुलाई आवश्यक पर्दा आफ्नो नाममा चल अचल सम्पत्ति खरिद वा बिक्रि गर्न सक्नुहुन्छ ?

क) सक्छु　ख) सक्दिन　ग) अन्य

१३) तपाईले घरधन्दालाई आम्दानीको स्रोतको रूपमा लिनुहुन्छ ?

क) लिन्न ख) लिन्छु ग) अन्य

१४) तपाईले घरायसी कार्यको लागि दिनको कति घण्टा काम गर्नु हुन्छ ?

क) ४ घण्टा ख) ६ घण्टा ग) ८ घण्टा घ) १० घण्टा ङ) अन्य

१५) तपाईको परिश्रमबाट प्राप्त रकम के तपाई आफै खर्च गर्न पाउनु हुन्छ ?

क) पाउछु ख) पाउदिन

१६) यदि खर्च गर्न पाउनु हुन्न भने कसले लिन्छ ?

क) सासु ख) छोरा ग) लोग्ने घ) अन्य

१७) तपाईले घरमा केहि नयाँ सामान किन्न मन लाग्यो भने आफै निर्णय गर्नु हुन्छ कि कसैलाई सोध्नु पर्दछ ?

क) सोध्नु पर्दछ ख) पर्दैन ग)अन्य

१८) सोध्नु पर्दा बिशेष गरेर कसलाई सोध्नु हुन्छ ?

क) सासु ख) छोरा ग) लोग्ने घ) अन्य

१९) यदि सल्लाह नगरी कुनै सामान किनेमा के हुन्छ ?

क) झगडा ख) केहि पनि हुदैन अन्य

२०) तपाईको बिचारमा घर धन्दालाई मूल्य दिनु पर्छ जस्तो लाग्छ ?

क) लाग्छ ख) लाग्दैन ग) अन्य

२१) तपाई कुनै सहकारीमा सदस्य हुनुहुन्छ ?

क) छु ख) छैन

२२) तपाई सहकारीमा लाग्नुको उदेश्य के हो ?

.........................................................................................

२३) सहकारीमा लागेपछि तपाइलाई के के फाइदा भयो ?

क) आर्थिक ख) शैक्षिक ग) राजनीतिक घ) सामाजिक ङ) अन्य

२४) तपाईले आफ्नो आय आर्जन बढाउन कुनै तालिम तथा अन्य सीप सिक्नु भएको छ ?

क) छु ख) छैन

२५) यदि छ भने के सिक्नु भएको छ ?

.........................................................

२६) सिकेको सीपलाई आम्दानीमूलक काममा लागाउनु भएको छ ?

क) छ ख) छैन

२७) तपाईलाई कुनै सीपमूलक तालिम लिन पाए हुन्थ्यो जस्तो लागेको छ ?

क) छ ख) छैन

२८) यदि छ भने कस्तो तालिम लिन चाहनुहुन्छ ?

..........................................................................

२९) तपाईले कुनै ऋण लिनु भएको छ ?

क) छ ख) छैन

३०) यदि लिनु भएको छ भने केमा खर्च गर्नुभयो ?

क) घर व्यवहार चलाउन ख) व्यवसायमा

ग) वैदेशिक रोजगारमा घ) अन्य

३१) तपाईले कमाएको पैसा के के मा खर्च गर्नुहुन्छ ?

क) घरखर्च ख) छोराछोरीलाई पढाउन ग) मनोरञ्जनका साधन किन्न

घ) चल अचल सम्पत्ति जोड्न ङ) तीर्थव्रत वा भ्रमण गर्न च) अन्य

३२) तपाईंको काममा तपाईंको परिवारका सदस्यहरूको सहयोग कस्तो पाउनुभएको छ ?

क) पूर्ण सहयोग ख) आंशिक सहयोग ग) असहयोग

**तपाईको अमूल्य सहयोग र सुझावका लागि हार्दिक धन्यवाद !**

# अनुसूची २

## अवलोकन जाँचबुझ सूचि

१) सहभागी महिलाहरूको लैङ्गिक धारणा

२) महिलाहरूको सामाजिक-आर्थिक अवस्था

३) शैक्षिक अवस्था

४) सामाजिक क्रियाकलापमा उनीहरूको संलग्नता

५) आर्थिक क्रियाकलापमा उनीहरूको संलग्नता

६) उनीहरूको घरायसी कार्य र अबलम्बन गरेको व्यवसाय बिचको दोहोरो भूमिका

७) रोजगारी सम्बन्धी महिलाहरूको धारणा

# अनुसूची ३

## सामाजिक, आर्थिक क्रियाकलापमा महिला सहभागिता

## कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १६, तुलसीघाट मार्गका

## विवाहित महिलाहरूको एक समाजशास्त्रीय अध्ययन

अनुसन्धानकर्ता : योगेन्द्र थापा, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

**मुख्य जानकार व्यक्तिहरूसँगको अन्तवार्ताको प्रश्नावली**

नाम : उमेर : लिङ्ग :

पेशा : शिक्षा :

१. समाजले घर बाहिर निस्केका महिलाहरूलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) सामान्य

२. महिलाहरूको आफ्नो परिवारको आर्थिक क्रियाकलापमा कस्तो भूमिका रहेको छ ?

(क) सक्रिय (ख) सामान्य (ग) निस्कृय

३. यस टोलका महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न सकेका छन् ?

(क) छन् (ख) छैनन्

४. महिलाहरूका लागि पेशालाई कस्तो रूपमा लिने गरिन्छ ?

(क) राम्रो (ख) ठिकै (ग) नराम्रो

५. सामाजिक क्षेत्रमा महिला सहभागिता के कति रहेको छ ?

(क) उच्च (ख) सामान्य (ग) न्यून

६. यस क्षेत्रका महिलाहरूको जीवनमा परिवर्तन आएको देख्नु भएको छ ?

(क) छु (ख) छैन

७. सामाजिक क्षेत्रमा लागेका महिलाहरूको मनोबल कस्तो रहेको पाउनु भएको छ ?

(क) उच्च (ख) ठिकै (ग) कमजोर

८. तपाईंको अनुभवमा महिलाहरू सामाजिक र आर्थिक क्षेत्रमा सक्रिय सहभागी हुनका लागि सबैभन्दा प्रमुख समस्या के हो ?श

.............................................................................................................

**तपाईको अमूल्य सहयोगका लागि हार्दिक धन्यवाद ।**